# लिखु तामाकोशी गाउँपालिका
# सामाजिक परीक्षण प्रतिवेदन

## आर्थिक बर्ष २०८१/०८२

**लिखु तामाकोशी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**धोबी बजार, रामेछाप**

बागमती प्रदेश, नेपाल

**माघ २०८२**

# लिखु तामाकोशी गाउँपालिकाको सामाजिक परीक्षण
## SOCIAL AUDIT OF LIKHU TAMAKOSHI RURAL MUNICIPALITY

**आर्थिक सहयोग**

# लिखु तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धोबी बजार, रामेछाप**

बागमती प्रदेश, नेपाल

**प्राविधिक सहयोग/परामर्शदाता**

**Helping Hands Consultancy & Resource Center Pvt. Ltd.**

**हेल्पीङ्ग् हयाण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि**

Madhyapur Thimi-3, Bhaktapur

## कार्यकारी सारांश

लिखु तामाकोशी गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्दै जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन बार्षिक रुपमा सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोछ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय तह भएकोले स्थानीय सरकारसँग जनताका इच्छा आकाँक्षाहरु बढ्नु स्वाभाविक हो । स्थानीय तहले सम्पादन गर्ने काम कारबाहीमा पारदर्शीता र सेवाग्राहि प्रति जवाफदेहिता अभिबृद्धि गर्न तथा सुशासन कायम गर्न विभिन्न नीतिहरु अबलम्बन गर्दै आएकोछ । स्थानीयस्तरमा भए/गरेका काम कारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधिमध्ये सामाजिक परीक्षण पनि एक हो । लिखु तामाकोशी गाउँपालिकाले आर्थिक बर्ष २०८१/०८२ मा तर्जुमा गरेको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने र आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन सहयोग पुर्‍याउने उद्देश्य अनुरुप सामाजिक परीक्षण कार्यक्रम संचालन गर्नुको साथै यसको निष्कर्षलाई प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएकोछ ।

गाउँपालिकाले विकास र सुशासनको निमित्त विभिन्न कानुनको निर्माण गरी संस्थागत र संरचनागत विकास गरि रहेको देखिन्छ । संगठन, जनशक्ति र कानुन जस्ता आधारभुत पक्षमा भएका कार्यहरुले नीति कार्यक्रम र बजेट कार्यान्वयनमा अघि बढेको देखिन्छ । लिखु तामाकोशी गाउँपालिकाले समग्रमा आर्थिक रुपमा ७३.२६% उपलब्धी हासिल गर्न सफल भएको देखिन्छ । गाउँपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, गैसस, नीजी क्षेत्र तथा गाउँपालिकाबासी बीच साझेदारीमा बृद्धि गर्ने कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउनुपर्ने देखिन्छ । भौगोलिक रुपमा अत्यन्तै विकट रहेपनि गाउँपालिकासँग वडाहरुको सडक सिँधै सम्पर्क रहेको देखिन्छ । छ वटा वडा कार्यालयको भौतिक पूर्बाधार रहेको देखिन्छ । गाउँपालिकाले समयमा नै योजना तर्जुमा तथा गाउँ सभा समयमा नै सम्पन्न गरेको, बार्षिक रुपमा सार्वजनिक सुनुवाई संचालन तथा सामाजिक परीक्षण गरेको, स्वास्थ्य बीमा कार्यक्रममा सबै गाउँबासीहरुलाई समावेश गर्न प्रेरित गर्नुको साथै दीर्घरोगी तथा आर्थिक रुपमा बिपन्नलाई आर्थिक सहायताको लागि सिफारिस गरिएको देखिन्छ । पूर्ण खोप सुनिश्चितता भएको गाउँपालिका घोषणा गरिएको लिखु तामाकोशी गाउँपालिकाले अध्यक्षसँग घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम, विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिएको गरेको देखिन्छ ।

गाउँपालिकाको दीर्घकालीन शिक्षा गुरु योजना बनाई लागू गरिएको, विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिएको, स्थानीय पाठ्यक्रमको आधारमा हाम्रो लिखु तामाकोशी आधारभूत तह कक्षा १-५ निर्माण गरी वितरण गरिएको, विद्यार्थी तथा शिक्षकलाई सम्मान गरी प्रोत्साहन गरिएको, शिक्षकहरुको विविध क्षेत्रमा क्षमता विकास गरेको देखिन्छ । मन्थलीमा रहेको कोशेली घरसँग समन्वय गरी स्थानीय कृषि उत्पादनलाई समुदायबाट नै बजारीकरणको व्यवस्था गरिएको देखिन्छ । त्यस्तै, कृषक सुचीकरण गरी बर्गीकरण समेत गरिएको, नयाँ व्यवसाय दर्ता तथा नियमित रुपमा नविकरण भएको, पशु सेवा सम्बन्धी घुम्ती शिविर तथा नियमित सेवा प्रवाह भएको, एकवडा एक उत्पादन कार्यक्रम अन्तर्गत कामहरु भएको देखिन्छ । उद्यम विकास

तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारीको सिर्जना गरिएको देखिन्छ । जनप्रतिनिधिलाई एम्आइएस् सिष्टम, सामाजिक सुरक्षा, घटना दर्ताको विषयमा क्षमता विकास गराइएको, घटनादर्ता शिविर संचालन गरिएको, अपाङ्गता परिचय पत्र वडामा नै गई वितरण गरिएको, गृहणी महिला शसक्तिकरण कार्यक्रम संचालन गरिएको देखिन्छ ।

गाउँपालिकाले नियमित रुपमा सरोकारवालाको सहभागीतामा चौमासिक समिक्षा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना, क्षमता विकास, खानेपानी तथा सरसफाई योजना निर्माण गरी सोही अनुसार योजना तर्जुमा र कार्यान्वयन, स्थानीय बिज्ञ समुह निर्माण गरी शिक्षा, स्वास्थ्य, वातावरण, उर्जा, सामाजिक क्षेत्रमा परिचालन गर्नुपर्ने देखिन्छ । सार्वजनिक सेवा सहज रुपमा नागरिकसम्म पुर्‍याउन कम्तीमा बार्षिक रुपमा एकिकृत घुम्ती शिविर संचालन गर्न सके प्रभावकारी हुने देखिन्छ । दीर्घकालीन फोहोरमैला ब्यवस्थापनको लागि लैण्डफिड साइड निर्माण, योजनाको अनुगमन तथा मूल्याङ्कलाई थप ब्यवस्थित, अर्थपूर्ण जनसहभागीता, जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीको समयानुकुल क्षमता विकास, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा पर्याप्त लगानी, खेतीयोग्य जमिनको संरक्षण तथा सिँचाइको उचीत प्रबन्ध, आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृतिक रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्ने देखिन्छ । संघ र प्रदेशसँग थप बजेटको लागि समन्वय गर्नुपर्ने, उत्पादनमा आधारित कृषिजन्य उत्पादलाई प्रोत्साहन तथा अनुदानको कार्यक्रममा जोड दिनुपर्ने, स्वास्थ्य, पशु र कृषि बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै सबै कृषकको दायरामा पुर्‍याउनु पर्ने, स्वास्थ्य संस्थामा आवश्यकता अनुसार जनशक्ति ब्यवस्थापन गर्नुपर्ने, प्रत्येक गर्भवति महिलाले प्रसुती सेवा स्थानीय स्वास्थ्य संस्थाबाट नै लिन प्रोत्साहनका कार्यक्रम तर्जुमा गर्नुपर्ने, लघु उद्यम विकास कार्यक्रमको कार्यक्षेत्र र बजेट बृद्धि गर्नुपर्ने, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न बजारको ब्यवस्थापन गर्नुपर्ने तथा अनुदानका कार्यक्रम बास्तविक रुपमा कृषकसम्म पुर्‍याउनुपर्ने देखिन्छ ।

अन्त्यमा सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरी सामाजिक परीक्षक तथा परामर्शदाताबाट अन्तिम प्रतिवेदन तयार गरिएकोछ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको बिश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सुझावको आधारमा रणनीति तथा कार्यक्रमगत योजना तयार गर्ने कार्यका लागि यसको निश्कर्षले सघाउँनेछ । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सामाजिक जवाफदेहिता अभिबृद्धि हुने क्रियाकलापहरु नियमित रुपमा गाउँपालिकाले कार्यविधि बनाई संचालन गर्न सके सार्वजनिक सेवा प्रति नागरिकको अपनत्व थप बृद्धि हुने देखिन्छ ।

# विषयसूची


| क्र.सं | विषयवस्तु | पेज नं. |
|---|---|---|
| कार्यकारी सारांश | | |
| १. | पृष्ठभूमि | १-२ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३ | अध्ययन विधि | २-६ |
| ४ | अध्ययनका सीमा | ६ |
| ५ | बृहत् छलफल कार्यक्रमको विवरण | ६ |
| ६ | स्थानीय तह र विषयगत कार्यालय/गैरसरकारी संस्थाहरुको विवरण | ६ |
| ७ | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु | ७-८ |
| ८ | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु | ८-९ |
| ९ | सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु | ९-१५ |
| १० | अनुसूची-१, स्थानीय तहको विवरण अनुसूची-५ अनुसार | १६-४१ |
| ११ | अनुसूची-२, गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रियाबाट प्राप्त सुझाव | ४२-४५ |
| १२ | अनुसूची-३, सामाजिक परीक्षणमा उपस्थितिको माइन्यूटको प्रतिलिपि | ४६-४७ |
| १३ | अनुसूची-४, समुदायमा भरिएको फारामको नमूना | ४८-४९ |
| १४ | अनुसूची-५, सामाजिक परीक्षणको केही तस्वीर | ५०-५१ |
| १५ | अनुसूची-६, सामाजिक परीक्षणमा संलग्न व्यक्तिको विवरण | ५२ |

**श्री अध्यक्षज्यू**
**लिखु तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धोबी बजार, रामेछाप ।**

लिखु तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धोबी बजार, रामेछाप र हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुरबीच लिखु तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सामाजिक परीक्षण संचालन गरी प्रतिवेदन तयार गर्नको लागि भएको संझौता बमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षण कुनैपनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच एवं त्यसको सारांश तथा प्रतिवेदन तयारी गरिन्छ । फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन तथा कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । सामाजिक परीक्षण बर्षमा एकपटक गर्नुपर्ने व्यवस्था कार्यविधिमा रहेकोछ । यसका लागि स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध नभएको बिज्ञलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । कतिपय अवस्थामा समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।

लिखु तामाकोशी गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहीता बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न सामाजिक परीक्षण संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुको उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी ब्यवस्था रहेकोछ । कार्यविधि अनुसार आर्थिक बर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था रहेकोछ । उक्त व्यवस्था बमोजिम गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एकपटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका शैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै स्थानीय सरकारका ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ अनुसार स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन तयार गर्ने विधिलाई सामाजिक परीक्षण भनिन्छ । कार्यालयको समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले स्थानीयबासीमा आर्थिक तथा सामाजिक विकासले गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी कार्यविधिले परिभाषित गरेकोछ । सामाजिक परीक्षण गर्दा आर्थिक बर्ष समाप्त भएपछि चालु आर्थिक बर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना बिशेषको थप सामाजिक परीक्षण गर्न सक्ने समेत व्यवस्था कार्यविधिले गरेकोछ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषयविज्ञहरु परिचालन गरी स्थानीय सरकारले गत आर्थिक बर्षको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

लिखु तामाकोशी गाउँपालिकाको एक आर्थिक बर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण वा लेखाजोखा गर्नु सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षण संचालनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- स्थानीय सरकारले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको बिश्लेषण गर्ने ।
- गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- गाउँपालिकालाई कार्यक्रम संचालन गर्दा भएका चुनौती, प्राप्त उपलब्धी, सिकाई तथा सार्वजनिक स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- गाउँपालिकाको गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरी भावी कार्ययोजनाका लागि सुझाव संकलन गर्ने ।
- लक्षित उद्देश्य पूरा भए/नभएको, बजेट सहि रुपमा खर्च भए/नभएको समिक्षा गर्दै स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरि संचालन गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

लिखु तामाकोशी गाउँपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ/सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय सरकारले लागु गरेका कार्यविधिहरू, निर्देशिकाहरू, स्थानीय सरकारको बार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, बार्षिक योजना, कार्यपालिकाको निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी

अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात् गाउँपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र बिश्लेषण समेत गरी प्रतिवेदनमा समेटिएकोछ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट स्थानीय सरकारको सामाजिक उत्तरदायित्व बिशेष गरी सामाजिक परीक्षण सम्बन्धी कानुनी, नीतिगत ब्यवस्था, निर्देशिका, कार्यविधि, योजना लगायतका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ । लिखु तामाकोशी गाउँपालिकामा सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ अनुसारका सामाजिक परीक्षण संचालन गरिएको थियो ।

### ३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रियाको विषयमा गाउँपालिकाको सरोकारवालाहरुको लागि **मिति २०८२ पौष २८** गते अभिमुखीकरण संचालन गरिएको थियो । लिखु तामाकोशी गाउँपालिकाको सभा हल धोबीबजारमा आयोजना गरिएको कार्यक्रममा **२४ जना**को सहभागीता रहेको थियो ।

### ३.३ सामाजिक परीक्षण समन्वय समिति परिचालन

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ बमोजिम लिखु तामाकोशी गाउँपालिकाले सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न गाउँपालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरेको भएपनि उक्त कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सबै जिम्मा परामर्शदाता मार्फत गरिएको थियो ।

### ३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

लिखु तामाकोशी गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्रममा परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत समितिका पदाधिकारी तथा जनप्रतिनिधिसँग अर्धसंरचित अन्तरवार्ताबाट सूचना एवं तथ्याङ्क संकलन गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयका लागि सम्बन्धित शाखा प्रमुखहरूसँग छलफल गरिएको थियो । साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सन्र्दभमा प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएकोछ ।

### ३.५ समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, समूह केन्द्रीत छलफलबाट समेटिन नसकेका विषयहरूका

लागि गाउँपालिका तथा विषयगत शाखाका कर्मचारी र सेवाग्राहीको सानो समूहमा छलफल गरी सूचना संकलन तथा छलफलको निष्कर्ष निकालिएको थियो ।

- ✓ मुख्य पदाधिकारी र कर्मचारीसँग अन्तरवार्ता (गापा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, सूचना अधिकारी, प्रशासन शाखा प्रमुख, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, पशु सेवा, महिला तथा बालबालिका जेष्ठ नागरिक शाखा, रोजगार सेवा केन्द्र, उद्यम विकास लेखा शाखा आदि)
- ✓ समूह छलफल (लक्षित समूह, उपभोक्ता समूह/समिति तथा सेवाग्राही)

### ३.६ स्थलगत अवलोकन तथा निरीक्षण

सामाजिक परीक्षणका क्रममा गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएकोछ । साथै गाउँपालिकाबाट विभिन्न क्षेत्रमा कार्यान्वयन भएका योजनाबाट सामाजिक तथा आर्थिक रुपमा पारेका प्रभाव, समस्या लगायतका विषयमा स्थलगत अवलोकन गरिएको थियो । जसको विस्तृत विवरण ***अनुसूची-२*** मा राखिएकोछ ।

### ३.७ प्रारम्भीक प्रतिवेदन प्रस्तुती तथा छलफल

गाउँपालिकाले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची ५ र ६ को आधारमा अनुसूची ९ अनुसार प्रतिवेदन तयार गरिएकोछ । यसरी तयार गरिएको प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीत गरी सार्वजनिक बहस कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरू
- गाउँपालिकाको गत बर्षको मुख्य उपलब्धिहरू
- विगत एकबर्षमा गरिएका मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

### ३.८ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रतिवेदन विभिन्न चरणमा भएको छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण प्राप्त भए पश्चात् सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को **अनुसूची-९** अनुसारको ढाँचामा निम्नानुसार तयार गरिएकोछ :

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफलको कार्यक्रमको विवरण
- स्थानीय तहको विवरण (अनुसूची-५ र ६)
- सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु
- सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

### ३.९ प्रारम्भिक प्रतिवेदन प्रस्तुती

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५, ६ र ९ अनुसारको प्रतिवेदन गाउँपालिकाद्वारा आयोजित भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रममा उपस्थित हुन गाउँपालिकाले प्रमुख सरोकारवालाहरू तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, लक्षित वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, बुद्धिजीवी लगायतसँग अन्तरक्रियाका लागि सार्वजनिक सुचनाद्वारा आह्वान गरिएको थियो । उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो :

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिता बारे जानकारी प्रदान गरिएको ।
- सामाजिक परीक्षकबाट कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको ।
- सहभागीहरुले गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधार, विकास योजनाहरूमा जनसहभागीताको अवस्था, समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू, बालबालिका, महिला, दलित, जनजाति, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारीता, सेवाको गुणस्तर, सेवा दिन लगायतको समय र कार्य सम्पादनको अवस्था, सामाजिक उत्तरदायित्व पूरा गर्न जनप्रतिनिधि तथा कार्मचारीले गर्नुपर्ने कार्य, गाउँपालिका तथा वडाहरुमा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयास र प्रभावकारिताको विषयमा छलफल भएको ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीमा उठेका विषयवस्तुहरू सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदनमा समावेश गरिएकोछ ।

### ३.१० प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

सामाजिक परीक्षकद्वारा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार गाउँपालिकाको अध्यक्ष समक्ष पेश गरिएकोछ । गाउँपालिकाले सो सामाजिक परीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी मुख्य-मुख्य बुँदाहरूलाई (सकरात्मक तथा सुधारात्मक) बिश्लेषण गरी सार्वजनिक गर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भबिष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्ने अपेक्षा लिइएकोछ ।

## ४. अध्ययनको सीमा

लिखु तामाकोशी गाउँपालिका रामेछापमा संचालन गरिएको सामाजिक परीक्षणको क्षेत्र र सीमा निम्नानुसार रहेका छन् :

- गाउँपालिकाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको ।
- गाउँपालिकाले गरेको विकास आयोजनामा जनसहभागीताको स्थितिको अध्ययन गरिएको ।
- गाउँपालिकाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको ।

  *(यसमा संघ, प्रदेश र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।)*
- समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा बिश्लेषण गर्न सकिएको छैन तर पनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा बिशेष जोड दिइएकोछ ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क. मिति : २०८२ पौष २८ गते

ख. स्थान : गाउँपालिकाको सभाहल धोबी बजार रामेछाप

ग. समय : दिनको २ बजेदेखि

## ६. स्थानीय तह र विषयगत कार्यालय/गैर सरकारी संस्थाहरुको विवरण

लिखु तामाकोशी गाउँपालिकामा सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ अनुसार संचालन गरिएको सामाजिक परीक्षणको अनुसूची-५ अनुसारको विवरण ***अनुसूची-१*** मा राखिएकोछ । साथै गैरसरकारी संस्थाहरुसँग साझेदारीको कार्यक्रम अध्ययनको क्षेत्रभित्र समेटिएको छैन ।

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- आन्तरिक आय बृद्धिका लागि सरोकारवालासंग अन्तरक्रिया छलफल गरिएको ।
- गाउँपालिका क्षेत्रमा रहेका राजनैतिक दल र जनप्रतिनिधिहरुसँग नियमित सहकार्य र समन्वय हुने गरेको ।
- पेश्की फर्छ्यौटका लागि गाउँपालिका प्रयत्न गरेको ।
- समयमा नै योजना तर्जुमा तथा गाउँ सभा सम्पन्न भएको ।
- गाउँपालिकाले बार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण संचालन गरेको ।
- गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतसँग गाउँपालिका अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुखसँग कार्य सम्पादन करार संझौता गरी नतिजामा आधारित कार्यलाई प्रोत्साहन तथा प्रभावकारी बनाउनु पर्ने ।
- गाउँपालिकाले समग्र रुपमा ७३.२६% खर्च गरेको ।
- गाउँपालिकाको न्यायिक समितिमा २४ मुद्धाहरु परेकोमा २१ वटा फट्छ्यौट भएको ।
- आन्तरिक आय करीब ६७ लाख गरेको ।
- संगठन तथा व्यवस्थापन सर्बेक्षण तयारी गरी कार्यान्वयनमा ल्याइएको ।
- १०.४२ किलोमिटर सडकको स्तरोन्नती गरिएको ।
- पूर्ण खोप सुनिश्चितता भएको गाउँपालिका घोषणा गरिएको ।
- स्वास्थ्य संस्थाहरुबाट नियमित र प्रभावकारी सेवा प्रदान गरिएको ।
- स्वास्थ्य बीमा कार्यक्रममा सबै गाउँबासीहरुलाई समावेश गर्न प्रेरित गरिएको ।
- ५८ जना दीर्घरोगीलाई ५ हजार रुपैँया दिइएको तथा आर्थिक रुपमा बिपन्न ६८ जनालाई आर्थिक सहायताको लागि सिफारिस गरिएको ।
- अध्यक्षसँग घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सबै वडाहरुमा संचालन गरिएको ।
- सबै माध्यमिक विद्यालयहरुमा विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिएको ।
- उपाध्यक्ष घरभेट कोशेली कार्यक्रम संचालन गरी सुत्केरी आमालाई पोषणयुक्त खानेकुरा वितरण गरिएको
- महिला स्वास्थ्य स्वयंसेविकाले दिने सेवा प्रभावकारी रहेको ।
- विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिएको ।
- गाउँपालिकाको दीर्घकालीन शिक्षा गुरु योजना बनाई लागू गरिएको ।
- स्थानीय पाठ्यक्रमको आधारमा हाम्रो लिखु तामाकोशी आधारभूत तह कक्षा १-५ निर्माण गरी वितरण गरिएको ।
- तामाकोशी जनजागृति माध्यमिक विद्यालयमा ५७ जना कम्प्युटर इन्जिनीयर अध्ययन गरिरहेका ।
- त्रिपुरेश्वर मा.वि दुरागाउँमा संचालन गरिएको आवासीय विद्यालय कार्यक्रममा ५२ जना विद्यार्थीहरु समावेश गरिएको ।
- सामुदायिक विद्यालयका ४९ जना प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुलाई लेखा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिएको ।
- गाउँ शिक्षा योजना कार्यान्वयनमा ल्याउँदै गाउँ तथा वडा शिक्षा समितिबाट नियमित रुपमा विद्यालयको अनुगमन गर्ने गरिएको ।
- शैक्षिक सम्मान कार्यक्रम अन्तर्गत कक्षा ८ मा उत्कृष्ठ १६ जना र एस्ईई उत्कृष्ठ १६ विद्यार्थी, सेवा निबृत्त ४ जना शिक्षक जना र खेलकुदमा उल्लेख्य योगदान गर्ने ४४ जनालाई सम्मान गरी प्रोत्साहन गरिएको ।

- शिक्षक मेन्टरिङ कार्यक्रम कार्यविधि नै निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।
- बाल प्रतिभा कार्यक्रम संचालन गरिएको ।
- प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री र डिजिटल सिकाई सामग्री व्यवस्थापनको लागि विद्यालयलाई अनुदान उपलब्ध गराइएको ।
- मन्थलीमा रहेको कोशेली घरसँग समन्वय गरी स्थानीय कृषि उत्पादनलाई समुदायबाट नै बजारीकरणको व्यवस्था गरिएको ।
- कृषकहरु सुचीकरण गरी ४ वर्ग (क, ख, ग, घ) मा बर्गीकरण गर्दै परिचय पत्र समेत जारी गरी सेही अनुसारको सेवा प्रवाहको तयारीमा रहेको ।
- नयाँ फर्म/व्यवसाय दर्ता २९ वटा हुनुको साथै ६९ वटा फर्म/व्यवसाय नियमित रुपमा नविकरण गरिएको ।
- दुध उत्पादन गर्ने ५५ जना कृषकलाई प्रति लिटर रु २ को दरले अनुदान बितरण गरिएको ।
- घुम्ती शिविर तथा नियमित सेवा प्रवाह अन्तर्गत गाउँपालिका भरी १ लाख ३४ हजार २ सय ४० वटा पशुपन्छीलाई औषधी तथा उपचार सेवा प्रदान गरिएको ।
- बँगुर पकेट क्षेत्र अन्तर्गत ५ वटा फर्मलाई अनुदान दिइएको ।
- ९ सय ९८ कुकुरलाई रेबिज बिरुद्धको खोप र ९ सय ७५ पशुलाई लम्पिस्किन बिरुद्ध खोप नि : शुल्क दिइएको ।
- २९ जनाले बेमौसमी खेती, डेरीको तालिम प्राप्त गरी १३ जनाले टलेन प्राप्त गरेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको न्युनतम रोजगार कार्यक्रमबाट  ६५ बेरोजगार व्यक्तिलाई रोजगारी दिइएको ।
- ३ हजार २ सय ६९ जनालाई सामाजिक सुरक्षा भत्ता बितरण गरिएको ।
- वडा सचिव, कर्मचारी तथा जनप्रतिनिधिलाई एम्आइएस् सिष्टम, सामाजिक सुरक्षा, घटना दर्ताको विषयमा क्षमता विकास गराइएको ।
- घटनादर्ता शिविर संचालन गरिएको ।
- ८६ जनाले अपाङ्गता परिचय पत्र बनाएको ।
- गृहणी महिला शसक्तिकरण कार्यक्रम संचालन गरिएको ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुँदा दैनिक सेवा प्रवाहमा समस्या भएको ।
- गाउँपालिकाको आवधिक योजना लगायतका अत्यावश्यक स्थानीय कानुनहरु नहुँदा समस्या रहेको ।
- पर्याप्त कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या रहेको ।
- स्थानीय पाठ्यक्रम निर्माण गरिएको कक्षा ६-८ को पाठ्यपुस्तक नभएको हुँदा प्रभावकारी कार्यान्वयनमा समस्या भएको ।
- गाउँपालिकाले एकिकृत घुम्ती शिविर मार्फत समुदायमा गएर सेवा प्रवाहलाई व्यवस्थित नगराएको
- फोहोरमैला व्यवस्थापनको लागि लैण्डफिड साइड नभएको ।
- अनुगमन तथा मूल्याङ्कलाई समयबद्ध र सूचकमा आधारित नबनाइएको ।
- हरेक ठाउँमा अर्थपूर्ण जनसहभागीता घट्दै गएको ।
- कार्यक्रमको समय प्रभावकारी रुपमा सही समयको पालना नगरिएको ।
- गाउँपालिकाको योजनाको सार्वजनिक परीक्षण भएतापनि योजना स्थलमा प्रभावकारी नभएको ।

- शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन नसकिएको ।
- जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीको समयानुकुल क्षमता विकास हुन नसकेको ।
- गाउँपालिकाको बार्षिक नीतिले सबै वर्ग तथा क्षेत्रलाई समेट्न नसकेको ।
- लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
- खेतीयोग्य जमिनको संरक्षण तथा सिँचाइको उचीत प्रबन्ध नगरिएको ।
- गाउँपालिका तथा वडामा स्तनपान कक्षको व्यवस्था नभएको साथै अन्य संरचनाहरु पनि लैससास र अपाङ्गतामैत्री हुन नसकेको ।
- सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
- आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृतिक रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

## ९. सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु

### क. गाउँपालिका (समग्र)

- ✓ गाउँपालिकाले आफ्नै प्रशासकीय भवनको निर्माण गरी सेवा प्रवाह गर्नुपर्ने ।
- ✓ तिल्पुङ्ग-नागदह-धोबी-साँघुटार सडकको यथाशीघ स्तरोन्नत्ती सहित पीच निर्माण सम्पन्नको लागि संघ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय गर्नुपर्ने ।
- ✓ गाउँपालिकाले आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना, क्षमता विकास, खानेपानी तथा सरसफाई योजना निर्माण गरी सोही अनुसार योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने ।
- ✓ स्थानीय बिज्ञ समुह निर्माण गरी शिक्षा, स्वास्थ्य, वातावरण, उर्जा, सामाजिक क्षेत्रमा परिचालन गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको भौगोलिक कठिनाइलाई मध्यनजर गरी बजेट व्यस्थापन गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको वडा कार्यालयसम्म जोड्ने सडकलाई प्राथामिकीकरणको साथ बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ सेवाग्राहीलाई सेवामा सहजताको लागि गाउँपालिकामा सहायता कक्षको ब्यवस्थापन गरी निरक्षर सेवाग्राहीलाई सेवा सहज बनाउनु पर्ने ।
- ✓ स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा अघिल्लो बर्षको तुलनामा सुधारोन्मुख देखिएको हुँदा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको नतिजा शत् प्रतिशत हुने गरी कार्य गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको बार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीतिले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान दिनुपर्ने ।
- ✓ वडा, शाखा तथा गाउँपालिकामा चाहिने पर्याप्त कर्मचारीको ब्यवस्थापन गर्नुपर्ने ।
- ✓ गाउँपालिका, मातहतका वडा तथा अन्य सेवा लिने स्थललाई अपाङ्गतामैत्री बनाउनु पर्ने ।
- ✓ लिखु तामाकोशी गाउँपालिकाले सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि गाउँपालिकाबाट स्वीकृत गरी सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको नियमित रुपमा बार्षिक तथा चौमासिक समिक्षा गर्नुपर्ने ।

- ✓ शाखाको कार्यलाई प्रभावकारी बनाउन शाखा प्रमुखलाई पूर्ण जिम्मेबारी सहित काम गर्ने अधिकार दिनुपर्ने ।
- ✓ गाउँपालिकाको विकट क्षेत्रहरू लक्षित गरी गाउँपालिकाको सेवा तथा स्वास्थ्य, कृषि लगायतका सेवा एकीकृत रूपमा घरदैलोमा पुऱ्याउन एकिकृत घुम्ती शिविर कम्तीमा बार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- ✓ भवन निर्माण आचारसंहिता सहित अनिवार्य रुपमा लागू गर्नुपर्ने ।
- ✓ गाउँपालिकामा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नुपर्ने ।
- ✓ अन्य गाउँपालिकाबीच साझा चासोका विषय र कार्यक्रमको पहिचान गरी सहकार्य बढाउनुपर्ने ।
- ✓ गाउँपालिकाको लागि आवश्यक नीतिहरु समयमा बनाई प्रभावकारी कार्यान्वयन गराउनुपर्ने ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीको आचार संहिता कार्यस्थलमा देखिने गरी राख्नुपर्ने ।
- ✓ गाउँपालिकाको तर्फबाट उत्कृष्ठ सेवा प्रवाह गर्ने कर्मचारीलाई दिइएको पुरस्कारको व्यवस्थालाई व्यवस्थित गर्दै निरन्तरता दिनुपर्ने ।
- ✓ गाउँपालिकाले योजना तर्जुमा गर्दा रोजगारी र गरीबी निवारण लक्षित योजनाहरू समावेश गर्नुपर्ने
- ✓ कर्मचारी र जनप्रतिनिधिबीचको हार्दिकता बढाउनु पर्ने ।
- ✓ टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि रहेको हुँदा सबै वडामा समिति गठन गर्दै प्रभावकारी कार्य संचालन गराउनु पर्ने ।
- ✓ गाउँपालिकाको आन्तरिक स्रोत बृद्धिमा दर भन्दा दायरा फराकिलो बनाउनुपर्ने ।
- ✓ वातावरणको संरक्षण एवं प्रबर्द्धन गरी पर्यटन विकासमा जोड दिने योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ गाउँपालिकाले सेवा प्रवाह निर्देशिका बनाई कार्यपालिका बैठकमा प्रस्तावको रुपमा नै सेवा प्रवाह प्रक्रियाको विषयलाई समावेश गरी छलफल गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको बार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतीहरू अद्यावधिक गरी वेवसाइटमा राख्नुपर्ने ।
- ✓ स्थानीय सरकार संचालन ऐनले तोके अनुसार आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्ने ।
- ✓ आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग अनिवार्य गर्नुपर्ने ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरु पहिचान गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- ✓ सार्वजनिक सेवामा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग बढाउनु पर्ने ।
- ✓ गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट आर्थिक बर्षको शुरुमा नै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरूलाई जानकारी गराउनु पर्ने ।
- ✓ गैससँग प्रभावकारी रुपमा समन्वयमा कार्यक्रम संचालन गरी अनुगमन, मूल्याङ्कन र सहयोग गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको अनुगमन, मूल्याङ्कन प्रणालीलाई व्यवस्थित तथा नतिजामा आधारित बनाउनु पर्ने साथै योजनाहरुको कार्यविधि अनुसार योजना स्थलमा नै सार्वजनिक परीक्षण गरी प्रतिवेदन पेश गरे/नगरेको विषयमा स्थलगत रुपमा प्रभावकारी अनुगमन गर्नुपर्ने ।

- ✓ गाउँपालिका तथा मातहतका निकायमा नागरिक बडापत्र र उजुरी पेटिकालाई नागरिकको सहज पहुँचमा राखी प्रभावकारी र व्यवहारिक बनाउनु पर्ने ।
- ✓ सडकहरुको नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोषको प्रभावकारी प्रयोग गर्ने ।
- ✓ उपभोक्ता समितिले गरेको कामलाई दीगो बनाउन उपभोक्ता समितिलाई थप जिम्मेबार तथा जवाफदेहि बनाउनु पर्ने ।
- ✓ आवश्यकता अनुसार सार्वजनिक स्थलमा प्रतिक्षालय, पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माणको नीति लिई कार्यान्वयन गर्नुपर्ने ।
- ✓ बैंक तथा वित्तीय संस्थासँग सह लगानीमा उद्यम विकास कोष स्थापना गर्दै वित्तीय संस्थाको लगानीको निश्चितताको लागि निश्चित् प्रतिशत गाउँपालिकाले लगानी गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने ।

## ख. स्वास्थ्य सेवा तर्फ

- ✓ प्रत्येक वडालाई पायक पर्ने गरी प्रसुती सेवा सहितको स्वास्थ्य सेवा स्थापना गर्नुपर्ने ।
- ✓ सरुवा तथा महामारीका रोगहरुको व्यवस्थापनका लागि स्वास्थ्य संस्थाका सेवाहरु विस्तार गर्नुपर्ने ।
- ✓ स्वास्थ्य संस्थाको स्तर अनुसार एक्स-रे, स्वास्थ्य प्रयोगशाला जस्ता न्यूनतम सेवा दिने उपकरण र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- ✓ स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तरमा बृद्धि गर्नुपर्ने ।
- ✓ विकट क्षेत्र, अपाङ्गता, अशक्त, असहाय बृद्धहरुलाई गाउँघरमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ आमा समूह तथा स्वास्थ्य संजाललाई सक्रिय बनाउनुपर्ने ।
- ✓ स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको नि : शुल्क औषधी सरल र सहजरुपमा पाउने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ सबै नागरिकको पहुँच हुने स्वास्थ्य बीमाको कार्यक्रमलाई बिस्तार गरी गर्नुपर्ने ।
- ✓ नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्बेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापनको विषयमा सचेतना कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्नुपर्ने ।
- ✓ जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ किशोरावस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत सचेतनाको लागि बिशेष शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ स्वास्थ्य संस्थाहरुमा समेत सामाजिक परीक्षण अनिवार्य संचालन गराउनुपर्ने ।
- ✓ एम्बुलेन्स सेवालाई थप व्यपस्थित र प्रभावकारी बनाउनु पर्ने ।

## ग. शिक्षा तर्फ

- ✓ विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यालय सुधार योजना थप प्रभावकारी बनाउनु पर्ने ।
- ✓ शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शिक्षकलाई बिषय शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।
- ✓ शैक्षिक गुणस्तरको लागि अनुदान बृद्धि गर्नुपर्ने ।

- ✓ परीक्षा प्रणालीमा सुधार गरी निरन्तर तथा आवधिक मूल्याङ्कन विधिलाई संस्थागत गर्दै प्रत्येक विद्यार्थीको सिकाई उपलब्धीको अभिलेख राख्नुपर्ने ।
- ✓ विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, नैतिक एवं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलब्ध गराउनु पर्ने ।
- ✓ विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गर्न थप सिकाईको अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिनुपर्ने ।
- ✓ विद्यालयमा आवश्यकता अनुसार शौचालय, घेराबारा, बालमैत्री एवं अपाङ्गमैत्री पूर्वाधार, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गर्नुपर्ने ।
- ✓ प्रत्येक विद्यालयमा निःशुल्क स्यानेटरी प्याडहरुको व्यवस्था सुविधा सहितको बालिका शौचालयको व्यवस्था गर्नुपर्ने ।
- ✓ विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल प्रविधिका उपकरणहरु लगायत आधुनिक प्रविधिका शिक्षण सिकाईमैत्री उपकरणहरु जडान तथा उपयोग गर्नुपर्ने ।
- ✓ साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय बृद्धि गर्नुपर्ने ।
- ✓ आधारभूत तहको (कक्षा ६-८)माध्यमिक तह (कक्षा ९-१०) मा अनिवार्य विषय शिक्षकको ब्यवस्था मिलाउनु पर्ने ।
- ✓ सबै विद्यालयमा अनिवार्य स्वच्छ खानेपानीको ब्यवस्था मिलाउनुपर्ने ।
- ✓ न्यून विद्यार्थी भएका आधारभूत तहका विद्यालयको समायोजन गर्दै दरबन्दी मिलान गर्नुपर्ने ।
- ✓ केही विद्यालयमा इ-हाजिरी प्रयोग भएको सन्दर्भमा सबै माध्यमिक विद्यालयमा समेत इ-हाजिरी अनिवार्य ब्यवस्थापन गर्नुपर्ने ।

## घ. खानेपानी तथा सरसफाई

- ✓ बाढी तथा अन्य विपद्बाट उत्पन्न खानेपानी समस्या समाधानका लागि सुख्खाग्रस्त क्षेत्रमा खानेपानी ट्याङ्की वितरण, लिफ्ट र खानेपानी योजना संचालन गरी स्वच्छ खानेपानीको व्यवस्थाको कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- ✓ गाउँपालिकाको खानेपानी तथा सरसफाइ गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- ✓ सबै घरधुरीलाई पाइपद्वारा स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्ने ।
- ✓ खानेपानीका निर्माणाधिन योजनाहरु पूरा गर्न प्राथमिकता दिनुपर्ने ।
- ✓ हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्नुपर्ने ।
- ✓ बजार क्षेत्रको फोहोरलाई व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन केन्द्र (लैण्डफिल साइट) ब्यवस्थापन गर्नुपर्ने ।
- ✓ बजारकेन्द्र तथा सार्वजनिक स्थलमा समेत सार्वजनिक र निःशुल्क शौचालयको ब्यवस्था गर्नुपर्ने ।
- ✓ खानेपानीको सदुपयोग तथा सरसफाइ सम्बन्धी जनचेतना जगाउन टोल विकास संस्था, आमा समूह, सहकारी संस्था तथा अन्य सरोकार समूह आदिलाई परिचालन गर्नुपर्ने ।

## ङ. बालबालिका, महिला र समावेशी क्षेत्र

- ✓ बालमैत्री गाउँपालिका घोषणाको लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ रहेको भएपनि आवश्यक बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने ।

- ✓ सामाजिक समावेशीकरण नीति २०७९ बनिसकेको हुँदा संघसंस्थालाई सोको प्रभावकारी कार्यान्वयनको लागि समन्वय गर्नुपर्ने ।
- ✓ बाल क्लब गठन तथा परिचालन कार्यविधि २०८० बनेको भएपनि स्थानीय बालअधिकार गठन तथा संचालन सम्बन्धी एकीकृत कार्यविधि बनाई बाल सहभागीता र संरक्षणको क्षेत्रमा थप प्रभावकारी कार्य गर्नुपर्ने ।
- ✓ बञ्चितीकरणमा परेका जाति, वर्ग, लिङ्ग र समुदायको लागि विशेष क्षमता विकासका कार्यक्रम, आय र रोजगारीमूलक सीप विकास, नेतृत्व विकास, बित्तीय साक्षरता, सामाजिक सचेतना जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिनुपर्ने ।
- ✓ महिला, दलित, जनजाति एवं अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको क्षमता विकासमा बिशेष ब्यवस्था गर्नुपर्ने ।
- ✓ निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभीगता बढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गराउनु पर्ने ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, साँस्कृतिक, प्रशासनीक क्षेत्रमा सहभागीता सुनिश्चितता गर्न सामाजिक सुरक्षा र सकारात्मक विभेद सहितको संरक्षणको व्यवस्था मिलाउनु पर्ने ।
- ✓ सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गर्नुपर्ने ।
- ✓ सबै विद्यालय तथा समुदायस्तरमा समेत बालक्लब गठन गर्दै बालक्लब संजालको नेतृत्व बिकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालन गर्नुपर्ने ।
- ✓ बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका बिभेद, दुर्व्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसारपसार जस्ता अपराध बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ बालबालिकाको लागि विद्यालय र वडास्तरमा आवश्यक बजेट विनियोजन गरी पार्क निर्माण, खेलकुद सामाग्री वितरण जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- ✓ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ कानुन अनुसार ज्येष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वडा एवं टोलस्तरमा उपलब्ध गराउनु पर्ने ।
- ✓ मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पूनर्स्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरुको प्रभावकारी संचालन गर्नुपर्ने ।
- ✓ वडा तथा गाउँपालिकास्तरीय महिला सञ्जाल गठन गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने

## च. स्वरोजगार

- ✓ उद्यम व्यवसायका लागि सहुलीयतपूर्ण कर्जा उपलब्ध गराउन नीतिमा नै समावेश गरी बित्तीय सस्थाहरुसँग सहजीकरण गर्नुपर्ने ।
- ✓ श्रममूलक प्रविधिको प्रयोग गरी स्थानीय विकास कार्यमा स्थानीय नागरिक परिचालन गर्नुपर्ने ।
- ✓ नीजी क्षेत्र, गैसस र विकास साझेदारहरुसँग समन्वय गरी रोजगारीका अवसरहरु बृद्धि गर्नुपर्ने ।

- ✓ वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा सिकेको सीप र उद्यमशीलताको गर्न बिशेष अनुदानका व्यवस्था गर्नुपर्ने ।
- ✓ परम्परागत सीपको आधुनिकीकरण गरी रैथाने सीप र पेशाको व्यवसायीकरण गर्नुपर्ने ।
- ✓ रोजगार अभिबृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाउनु पर्ने ।
- ✓ उद्यम विकासको लागि गाउँपालिकाभर कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी र उपयोगी बनाउनु पर्ने ।

## छ. कृषि, पशुपालन तथा सिँचाई

- ✓ गाउँपालिकामा उत्पादन हुने क्षेत्रको संरक्षणको लागि आवश्यक नीति सहित योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- ✓ रैथाने बालीको संरक्षणको नीति भएकाले कार्यक्रम बनाई प्रभावकारी कार्य गर्नुपर्ने ।
- ✓ अनुसन्धान केन्द्रबाट खरेडी वा सुख्खा सहन सक्ने जातका बिरुवा तथा बालीनालीको प्रचार गरी कृषकलाई आकर्षित गर्नुपर्ने ।
- ✓ कृषिका कार्यक्रमहरु अनुदानसँगै मागमा आधारित भई तर्जुमा गर्नुपर्ने ।
- ✓ कृषि र पशु बीमाको कार्यक्रमलाई प्राथमिकताको साथ लागू गर्नुपर्ने ।
- ✓ आधुनिक कृषि उपकरणको प्रयोगलाई अनुदान केन्द्रीत योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ मेला महोत्सबमा कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई ब्राण्डको रुपमा राख्न गाउँपालिकाले प्रोत्साहन गर्नुपर्ने ।
- ✓ व्यवसायीक खेती कार्यक्रम संचालन गर्न प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ कृषकलाई पर्याप्त अनुदानमा कृषि उपकरण, बिऊ बिजन दिनुको साथै सबै वडाहरुमा कृषि सेवाकेन्द्र प्राविधिक सहित व्यवस्थापन गर्नुपर्ने ।
- ✓ सहकारी र नीजि क्षेत्रसँग सहकार्य गरी कृषकलाई आवश्यक मल, बीऊ लगायत कृषि सामग्री र औषधिको सुलभ उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ कृषकलाई सम्मान तथा प्रोत्साहन गर्दै सिचाई सुविधाको वैकल्पिक व्यवस्था मिलाउनु पर्ने ।
- ✓ रोगकिरा नियन्त्रणका लागि कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्नुपर्ने ।
- ✓ प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने ।
- ✓ कृषि ज्ञानकेन्द्रको सहकार्यमा घुम्ती कृषि पाठशाला कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ दुग्ध, मासुजन्य तथा तरकारीको लागि विभिन्न पकेट क्षेत्र रहेको भएपनि थप गर्दै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ पशुपन्छी क्षति न्युनीकरणको लागि व्यवस्थापन मिलाउनु पर्ने ।
- ✓ गरीब तथा विपन्न वर्गलाई जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ पशु व्यवसायलाई प्रबर्द्धन गर्न आवश्यकता अनुसार कृषकलाई अनुदान उपलब्ध गराउनु पर्ने ।
- ✓ उन्नत जातका पशुपन्छीको व्यवसायिक पालन गर्नका लागि अनुदान तथा शुलभ ऋणको व्यवस्था गर्नुपर्ने ।

- ✓ सहकारी र नीजी क्षेत्रसँग सहकार्य गरी उपचार सेवा, नश्ल सुधार र प्रविधि उपलब्ध गराउनु पर्ने
- ✓ पशुपन्छी आहारा र उन्नत घाँस उत्पादनलाई प्रोत्साहित गर्नुपर्ने ।
- ✓ बजार क्षेत्रमा पशु बधशालालाई व्यवस्थित बनाउनु पर्ने ।
- ✓ सिंचित क्षेत्रको दीगोपनाका लागि विशेष योजना बनाई लागु गर्नुपर्ने ।
- ✓ कृषि र पशुपालनको लागि पकेट क्षेत्रहरु मार्फत आयआर्जन बढाउने कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने ।
- ✓ पशु नश्ल सुधारको कार्यक्रमलाई नीतिमा नै समावेश गरी प्रभावकारी कार्यान्वयन गराउनु पर्ने ।

सामाजिक परीक्षकको नाम : **उमङ्ग मैनाली/तिलक बहादुर कार्की/पूर्ण बहादुर कार्की**

संस्थाको नाम (यदि संस्था भएमा) : **हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि भक्तपुर**


**समाप्त**

# अनुसूची-१

## सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ अनुसारको विवरण

### १. गाउँपालिकाको परिचय

नेपालको संविधान बमोजिम राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने व्यवस्था कार्यान्वयनका लागि नेपालको साविकको ७५ जिल्लालाई ७७ जिल्ला र ७ प्रदेशमा संघीय ढाँचामा पुनःसंरचना गरियो । सप्तकोशीका सात सहायक नदिमध्ये सानो सहायक नदि लिखु र तामाकोशी नदिको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । लिखु तामाकोशी गाउँपालिका वागमती प्रदेश अन्तर्गत रामेछाप जिल्लामा अवस्थित एक सुन्दर र विविधतापूर्ण ग्रामीण गाउँपालिका हो । यो गाउँपालिका सन् २०१७ सालको स्थानीय तह पुनःसंरचना अन्तर्गत साविकका दुरगाउँ, सैपु, बिजुलीकोट, नागदह, खिम्ती र तिल्पुङ गाविसहरू मिलाई गठन गरिएको हो । लिखु तामाकोशी गाउँपालिका ७ वटा वडामा विभाजित छ । जसमा वडा नं ३ को धोबी बजारमा प्रशासनीक केन्द्र रहेकोछ । गाउँपालिका १२४.५१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । २०७८ सालको जनगणना अनुसार २९ हजार ९ सय ५९ जनसंख्या रहेकोमा करीव ६० प्रतिशत तामाङ समुदायको बसोबास रहेको गाउँपालिकामा जातीय दृष्टिले क्षेत्र निकै विविधता रहेको देखिन्छ । यस गाउँपालिकाको साक्षरता दर ७८.६४% रहेको देखिन्छ । गाउँपालिकाको केन्द्र धोबी बजार जिल्ला सदरमुकाम मन्थलीबाट २७ कि.मी दुरीमा अवस्थित रहेकोछ ।




गाउँपालिकाको नागरिकहरुका आ-आफ्नै मौलिक भेषभूषा र संस्कृति रहेका छन् । लिखु तामाकोशी गाउँपालिका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण र विविध मौलिक पहिचानले भरिपूर्ण गाउँपालिका हो । गाउँपालिकामा नेपाली, तामाङ, मगर, सुनुवार, नेवार लगायतका भाषा बोलिने गरेका छन् भने हिन्दु, बौद्ध, इसाई लगायत धर्मावलम्बीहरू रहेका छन् । मनोरम दृश्यावलोकनका लागि प्रसिद्ध गिद्धेडाँडा गाउँपालिका भित्रको महत्वपूर्ण पर्यटकीय स्थल हो । पुष्पलालमार्गको रामेछाप-दोलखा खण्डको केहि भाग यसै गाउँपालिकाको दक्षिणी क्षेत्र भएर गएको तथा यस गाउँपालिकाको मध्य भाग हुँदै अन्तर प्रदेश बागमती र कोशी प्रदेश जोड्ने सडकसँग पनि पहुँच हुनाले यस गाउँपालिकाको आर्थिक रुपले भविष्य उज्वलछ ।

### २. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू (बुँदागत रूपमा लेख्ने)

लिखु तामाकोशी गाउँपालिकाको आवधिक विकास योजना निर्माण नभएको हुँदा लक्ष्य, प्राथमिकता, उद्देश्य तथा रणनीतिहरु यस सामाजिक परीक्षणको प्रतिवदेनमा समावेश गरिएको छैन ।

### ३. गत वर्षको मुख्य उपलब्धीहरु (बुँदागत रूपमा लेख्ने)

लिखु तामाकोशी गाउँपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ कार्यान्वयन भएका वडा तथा गाउँपालिका स्तरीय प्रमुख योजनाहरुको विवरण निम्नानुसार रहेका छन् :

| क्र.सं | योजनाको नाम | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | आंशिक भएको | |
| १. | नागदह वडा कार्यालय भवन निर्माण | भएको | | | गापा स्तरीय |
| २. | सैपु स्वास्थ्य चौकी भवन निर्माण | भएको | | | गापा स्तरीय |
| ३. | खिम्ती वडा कार्यालय भवन निर्माण | भएको | | | गापा स्तरीय |
| ४. | तिल्पुङ्ग वडा कार्यालय भवन निर्माण | भएको | | | गापा स्तरीय |
| ५. | कोटगाँउ स्वास्थ्य चौकी भवन निर्माण | भएको | | | गापा स्तरीय |
| ६. | चण्डीथान ट्रष्ट निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ७. | पशुपन्छी महामारी रोग नियन्त्रण | भएको | | | गापा स्तरीय |
| ८. | हिउँदे बर्षे घाँस प्रबर्द्धन कार्यक्रम | भएको | | | गापा स्तरीय |
| ९. | बङ्गुर पकेट विकास कार्यक्रम | भएको | | | गापा स्तरीय |
| १०. | धोबी गुम्वा विस्तृत परियोजना प्रतिवेदन निर्माण | भएको | | | गापा स्तरीय |
| ११. | दुरागाँउ कर्कले लिखु सडक विस्तृत परियोजना प्रतिवेदन निर्माण | भएको | | | गापा स्तरीय |
| १२. | राम्चे डाँडा वडा नं.७ हुदै धोवी बजार कोटगाँउ सडक मर्मत | भएको | | | गापा स्तरीय |
| १३. | चाँपाबोटे गैरावारी सडक सोलीङ | भएको | | | गापा स्तरीय |
| १४. | तारुके नमुना प्रा.बि.सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| १५. | नाङ्गेडाँडा क्षिता कुण्ड पदमार्ग निर्माण | भएको | | | गापा स्तरीय |
| १६. | मानेडाँडा भालुखोप सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| १७. | घिसिङ्गटोल माकुरीडाँडा काफ्ले सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| १८. | लर्खुखोला रातमाटा सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| १९. | ताप्के लुङ्गेलीटोल गहते सडक निर्माण | भएको | | | गापा स्तरीय |
| २०. | तारुके सेराखु सिँढि निर्माण | भएको | | | गापा स्तरीय |
| २१. | धोन्द्रेखोला झँक्रिनीटार गोरेटो बाटो निर्माण | भएको | | | गापा स्तरीय |
| २२. | शिवालय नागथली सडक ट्र्याक ओपन | भएको | | | गापा स्तरीय |
| २३. | बेलौरी पहरे सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| २४. | कोटगाँउ कल्लेरी पोकुबेशी सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| २५. | भृङ्गेश्वर मा.बि.धारापानी सेउती सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| २६. | काङ्गवा आईतवारे सडक स्तरोन्नती दायित्व भुक्तानी | भएको | | | गापा स्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| २७. | थापागाँउ ढुङ्गे सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| २८. | पाखावारी कामीगाँउ सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| २९. | नेवारटोल चन्दुलीडाँडा गैरी सडक निर्माण | भएको | | | गापा स्तरीय |
| ३०. | गैरीखोला सीम लाकुरीडाँडा सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३१. | नागथली गैरी सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३२. | शिवालय कटुञ्जे धारापानी सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३३. | बरडाँडा वडा कार्यालय सडक मर्मत तथा स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३४. | झट्टेश्वर मा.बि.भष्मेघर सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३५. | झट्टेश्वर नेवारटोल छापगाँउ सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३६. | धोवीवजारदेखि स्वास्थचौकी चित्रे जाने सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३७. | भुमेडाँडा धारापानी रुद्रमोड सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ३८. | खाल्टेखोला ट्रस्टपुल निर्माण | भएको | | | गापा स्तरीय |
| ३९. | सेती वारुथान दारिमबोट सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ४०. | ज्यामिरबोटे जोलेघर सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ४१. | दिलौरी वडा कार्यालय सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ४२. | गैरीधारा खाल्टेखोला दुरागाँउ होपिना सडक स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ४३. | खड्का कुलथान गारेटोबाटो निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ४४. | ढाडेखोला सिमखेत खापिङ्ग सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ४५. | कटहरबोट सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ४६. | विरेबेशी सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ४७. | मुलपँधेरो आहाल तथा पोखरी निर्माण | भएको | | | गापा स्तरीय |
| ४८. | गैरीखोलाटार सिस्ने सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ४९. | चोक्टेखोला सानाभिर मुहान हुँदै सेता पहरा सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ५०. | सारीखोला टार सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ५१. | अफरखोला कुलो निर्माण | भएको | | | गापा स्तरीय |
| ५२. | चोक्टेखोला तिलौरी फेदी सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ५३. | ऐरमखोला हरिसिद्धि पिपलडाँडा सिँचाई योजना | भएको | | | गापा स्तरीय |
| ५४. | तिल्पुङ्गखोला पिपलबोट कल्छे सिँचाई योजना | भएको | | | गापा स्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५. | पहरेखोला मुहान हुँदै मुल्माटोल खानेपानी विस्तार योजना | भएको | | | गापा स्तरीय |
| ५६ | ढुङ्गेखोला मुहान पिप्ले आँपडाँडा खानेपानी स्तरोन्नती | भएको | | | गापा स्तरीय |
| ५७. | साफबोटे जरुवा धारा निर्माण | भएको | | | गापा स्तरीय |
| ५८. | नागदहधारा पिङडाँडा खानेपानी योजना | भएको | | | गापा स्तरीय |
| ५९. | खरबारी महतटोल खानेपानी ट्याङ्की निर्माण | भएको | | | गापा स्तरीय |
| ६०. | आहालडाँडा खानेपानी निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ६१. | भीरगाँउ खानेपानी योजना | भएको | | | गापा स्तरीय |
| ६२. | खत्रीचौर पहिरो नियन्त्रण | भएको | | | गापा स्तरीय |
| ६३. | भगवती मन्दिर व्यवस्थापन | भएको | | | गापा स्तरीय |
| ६४. | आईतवारेथान ट्रस निर्माण | भएको | | | गापा स्तरीय |
| ६५. | कालिकादेवी मन्दिर निर्माण तथा पँधेरो संरक्षण | भएको | | | गापा स्तरीय |
| ६६. | ठाँटीपँधेरो निर्माण रात्माटा | भएको | | | गापा स्तरीय |
| ६७. | बाङ्गे नेवारटोल कुलथान निर्माण | भएको | | | गापा स्तरीय |
| ६८. | खाल्टेखोला पहिरो नियन्त्रण | भएको | | | गापा स्तरीय |
| ६९. | तल्लोमालिका मन्दिर स्तरोन्नती भालुखोप | भएको | | | गापा स्तरीय |
| ७० | झट्टेश्वर मा.बि.खेल मैदान निर्माण | भएको | | | गापा स्तरीय |
| ७१. | तोमडाँडा चण्डिथान सडक र चण्डीथान निर्माण | भएको | | | गापा स्तरीय |
| ७२. | साविक सैपु २ पहरे चर्च निर्माण | भएको | | | गापा स्तरीय |
| ७३. | भुजेल सामुदायिक भवन निर्माण | भएको | | | गापा स्तरीय |
| ७४. | सेतीबरुथान निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ७५. | बुद्ध जनप्रिय मा.बि.सरस्वती मन्दिर निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ७६. | निर्माणाधिन उर्गेन मेतोक पेमा छ्योलिङ्ग गुम्वा | भएको | | | गापा स्तरीय |
| ७७. | | भएको | | | गापा स्तरीय |
| ७८. | सिमलचौर खेलमैदान निर्माण | भएको | | | गापा स्तरीय |
| ७९. | बालारु मन्दिर निार्माण योजना | भएको | | | गापा स्तरीय |
| ८०. | सुतार कार्की कुलथान निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ८१. | छापागाँउ सामुदायिक ट्रस्ट निर्माण योजना | भएको | | | गापा स्तरीय |
| ८२. | महतगाँउ २ वटा कुलथान तारघेरावारा तथा ट्रस्ट निर्माण | भएको | | | गापा स्तरीय |
| ८३. | साउनेपानी बालबिकास केन्द्र भवन निर्माण तथा व्यवस्थापन | भएको | | | वडा नं १ |
| ८४. | साउनेपानी केराबोटे सडक निर्माण | भएको | | | वडा नं १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५. | दुरागाँउ कात्तिके नागी सडक स्तरोन्नती | भएको | | | वडा नं १ |
| ८६. | कर्कले देउकी सडक तथा ढलान पुल निर्माण | भएको | | | वडा नं १ |
| ८७. | होपिना भीरखर्क रादासे तोमचौर सिंचाइ पाइप खरिद तथा वितरण | भएको | | | वडा नं १ |
| ८८. | होपिना मण्डली ट्वाइलेट निर्माण तथा व्यवस्थापन | भएको | | | वडा नं १ |
| ८९. | फेदी सामुदायिक भवन मर्मत योजना | भएको | | | वडा नं १ |
| ९०. | थपाडाँडा सामुदायिक भवन व्यवस्थापन | भएको | | | वडा नं १ |
| ९१. | आईतवारे थलवास पहरे सडक स्तरोन्नती | भएको | | | वडा नं २ |
| ९२. | अमलबोटे सेता पहरा सडक स्तरोन्नती | भएको | | | वडा नं २ |
| ९३. | फेदी सिँचाई कुलो मर्मत | भएको | | | वडा नं २ |
| ९४. | खाल्टे खोला सिसन्दु सिंचाइ मर्मत | भएको | | | वडा नं २ |
| ९५. | दारेगौडा माझखण्ड सिंचाइ कुलो मर्मत | भएको | | | वडा नं २ |
| ९६. | भोटेधारा खानेपानी मर्मत | भएको | | | वडा नं २ |
| ९७. | दिलौरी देबिथान पाइप सिँचाई योजना | भएको | | | वडा नं २ |
| ९८. | दिलौरी खानेपानी ट्याङ्की निर्माण | भएको | | | वडा नं २ |
| ९९. | कपिलेश्वरी महादेव मन्दिर घेरावार पोकु | भएको | | | वडा नं २ |
| १००. | खोल्मागाँउ कुकुकाटे भञ्ज्याङ्ग सालु सडक स्तरोन्नती | भएको | | | वडा नं ३ |
| १०१. | धोबी दलित वस्ती सडक मेशिनरी वाल निर्माण | भएको | | | वडा नं ३ |
| १०२. | बृखेश्वर आ.बि.कार्कीटोल सडक स्तरोन्नती | भएको | | | वडा नं ३ |
| १०३. | पाईप खरिद तथा बितरण | भएको | | | वडा नं ३ |
| १०४. | चिलाँउनेको मानेडाँडा ट्रस्ट निर्माण योजना | भएको | | | वडा नं ३ |
| १०५. | खोल्मा गाँउ भलिवल खेल मैदान निर्माण योजना | भएको | | | वडा नं ३ |
| १०६. | एक हल गोरु भएकालाई एउटा हलो खरिद तथा वितरण | भएको | | | वडा नं ४ |
| १०७. | रोटेडाँडा आहाले सडक मर्मत | भएको | | | वडा नं ४ |
| १०८. | नागी ढुङ्गे सडक निर्माण | भएको | | | वडा नं ४ |
| १०९. | रामदुत गोरेटो बाटो मर्मत | भएको | | | वडा नं ४ |
| ११०. | लेती लगायत अन्य खानेपानी पाईप खरिद तथा बितरण | भएको | | | वडा नं ४ |
| १११. | चेलुङ्ग पँधेरो निर्माण | भएको | | | वडा नं ४ |
| ११२. | तल्लो कल्लेरी मन्दिर निर्मााण | भएको | | | वडा नं ४ |
| ११३. | भन्ज्याङ्ग चुली डाँडा मन्दिर मर्मत तथा व्यवस्थापन | भएको | | | वडा नं ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४. | सचिवडाँडा खानेपानी ट्याङ्कि मर्मत | भएको | | | वडा नं ४ |
| ११५. | माथिल्लो कल्लेरी सामुदायिक भवन घेराबारा | भएको | | | वडा नं ४ |
| ११६. | नेबोटे पँधेरो निर्माण | भएको | | | वडा नं ४ |
| ११७ | महतगाँउ सामुदायिक भवन मर्मत | भएको | | | वडा नं ४ |
| ११८ | साउनेपानी खानेपानी ट्याङ्कि मर्मत | भएको | | | वडा नं ५ |
| ११९. | मोक्तानटोल खानेपानी धारा निर्माण योजना | भएको | | | वडा नं ५ |
| १२०. | जोगीटोल खानेपानी आयोजना | भएको | | | वडा नं ५ |
| १२१. | मानेडाँडा दलितटोल खानेपानी निर्माण योजना | भएको | | | वडा नं ५ |
| १२२. | मुखियाटोल चाँवाखर्क खानेपानी योजना | भएको | | | वडा नं ५ |
| १२३. | लामाटोल घिसिङ्गटोल खानेपनी बिस्तार तथा वितरण | भएको | | | वडा नं ५ |
| १२४. | मझुवा देविथान मन्दिर निर्माण | भएको | | | वडा नं ५ |
| १२५. | चण्डिडाँडा मसानघाट ट्रस्ट निर्माण | भएको | | | वडा नं ५ |
| १२६. | पैयाबोटे मसानघाट ट्रस्ट निर्माण | भएको | | | वडा नं ५ |
| १२७. | मानेडाँडा ट्रस्ट भवन निर्माण योजना पिपलदिप | भएको | | | वडा नं ५ |
| १२८. | कोप्चेटोल मन्दिर निर्माण | भएको | | | वडा नं ५ |
| १२९. | सच्चाई भवन निर्माण | भएको | | | वडा नं ५ |
| १३०. | मानेडाँडा सच्चाइ भवन मर्मत | भएको | | | वडा नं ५ |
| १३१. | स्यालढोका तामाकोशी जाने गोरेटो बाटो निर्माण | भएको | | | वडा नं ६ |
| १३२. | मिठापानी भाजुटोल सडक मर्मत | भएको | | | वडा नं ६ |
| १३३. | खिम्ती प्राथमिक स्वास्थ्य केन्द्र आरुबोटे सडक मर्मत | भएको | | | वडा नं ६ |
| १३४. | खिम्ति शिवालय सडक सोलिङ्ग तथा नाला निर्माण | भएको | | | वडा नं ६ |
| १३५. | खालीटार नाङ्गेडाँडा सडक मर्मत | भएको | | | वडा नं ६ |
| १३६. | खालीटार स्वाँरा सडक मर्मत | भएको | | | वडा नं ६ |
| १३७. | प्रधानमन्त्री रोजगार साझेदारी योजना | भएको | | | वडा नं ६ |
| १३८. | खहरेखोला टारबेशी सिँचाइ योजना | भएको | | | वडा नं ६ |
| १३९. | खहरेखोला माथिल्लो झाँक्रिडाँडा सिचाइ योजना | भएको | | | वडा नं ६ |
| १४०. | खालीटार ठुलो पँधेरो ट्याङ्की निर्माण | भएको | | | वडा नं ६ |
| १४१. | खिम्ती फोहोर व्यवस्थापन डम्पिङ्ग साइट निर्माण | भएको | | | वडा नं ६ |
| १४२. | घर्तीबारी मोहने सडक ट्र्याक ओपान | भएको | | | वडा नं ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४३. | हलेदे सिचाई इनार निर्माण | भएको | | | वडा नं ७ |
| १४४. | सिमपानी विचारीटोल खानेपानी मर्मत | भएको | | | वडा नं ७ |
| १४५. | रानीधारा रातमाटा खानेपानी इन्टेक निर्माण तथा धाने साहुटोल पाइप लाइन विस्तार | भएको | | | वडा नं ७ |
| १४६. | सानोधारा खानेपानी मर्मत | भएको | | | वडा नं ७ |
| १४७. | नागथान धारा मङ्गलेटोल लक्ष्मण सार्कीटोल खानेपानी मर्मत | भएको | | | वडा नं ७ |
| १४८. | छाँगेखोला ताप्के नेवारटोल खानेपानी योजना | भएको | | | वडा नं ७ |
| १४९. | दुर्गामाया सिमपाखा खानेपानी निर्माण | भएको | | | वडा नं ७ |
| १५०. | ढ्याङ्गेकालीदेबी मन्दिर मर्मत | भएको | | | वडा नं ७ |
| १५१. | काङवा चिलाँउने भिरगाँउ कोटगाँउ सडक स्तरोन्नती वडा नं ७ | भएको | | | प्रदेश शसर्त |
| १५२. | छाँगा भाल्टार खाल्सा खड्का गाँउ घलेगाँउ बासबोटे सडक स्तरोन्नती वडा नं ७ | भएको | | | प्रदेश शसर्त |
| १५३. | नागी लेती पहरे बेलौरी सडक स्तरोन्नती वडा नं २ र ४ | भएको | | | प्रदेश शसर्त |
| १५४. | कोटगाँउ कल्लेरी वालारु वहुनगाँउ धारापानी खानेपानी योजना वडा नं ४ | भएको | | | प्रदेश शसर्त |

**४. यस बर्षको मुख्य मुख्य उपलब्धीहरु (सुचकको आधारमा बुँदागत रूपमा लेख्ने):**

- स्वास्थ्य सेवा सहजताको लागि गाउँपालिकाको बिकट स्थानहरुमा गाउँघर क्लीनिक मार्फत सेवा प्रदान गरेको ।
- नियमित गाउँघर क्लीनिक मार्फत २ सय ९८ जनालाई सेवा दिएको ।
- पाँच बर्षमुनिका ९ सय ६९ जना बालबालिकाले स्वास्थ्य सेवा लिएको ।
- १ सय ६५ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको ।
- २०८२ असारमा गाउँपालिका पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा घोषणा भएको देखिन्छ ।
- १ सय १० जना गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवती जाँच गराएको ।
- गाउँपालिकामा रहेका ४ वटा बर्थिङ सेन्टर मार्फत स्वास्थ्य संस्थामा आएका ३० गर्भवती महिलाले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको साथै ११ जना गर्भवती महिलालाई दक्ष स्वास्थ्यकर्मी घरमा नै गएर सुरक्षित प्रसुती सेवा दिएको ।
- प्रोटकल अनुसार गर्भवती जाँच गराएको अवस्थामा नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च २ हजार र गर्भवती जाँच बापतको ८ सय उपलब्ध गराएको ।
- झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या शून्य रहेको ।
- गाउँपालिकाको १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, ३ वटा समुदायिक स्वास्थ्य केन्द्र गरी ९ वटा स्वास्थ्य संस्थाबाट २१ हजार ४ सय ५६ जनाले स्वास्थ्य सम्बन्धी विभिन्न सेवा लिएको ।
- साथै महिला स्वास्थ्य स्वयंसेविकाले ७ हजार ७ सय ६० जनालाई सेवा दिएको देखिन्छ ।

- एच्आइभी र एड्सबाट प्रभावितको संख्या शून्य रहेको ।
- बाल विकास केन्द्रहरु स्थापना गरी बालबालिकालाई प्राथमिक विद्यालयमा पहुँचको व्यवस्था गरिएको ।
- भर्ना हुने उमेर समूहको ९७ प्रतिशतभन्दा बढि बालबालिका  पूर्व प्राथमिक शिक्षामा भर्ना भएको ।
- अनिवार्य तथा निःशुल्क शिक्षा लागू हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नरहेको ।
- गाउँपालिकामा रहेको ४२ वटा सामुदायिक विद्यालयमा छात्र १३२ र छात्रा १३६ गरी २६८ जना कक्षा १ मा खुद भर्ना भएको ।
- गाउँपालिकाको कक्षा उत्तीर्ण हुने दर ९८ प्रतिशत भन्दा माथि नै रहेको ।
- आधारभूत तहमा तालिम प्राप्त शिक्षकको संख्या ८७ जना रहेको ।
- गाउँपालिकाभर ३,७७१ विद्यार्थी तथा २७४ कक्षाकोठा रहेकोमा प्रति कक्षाकोठा विद्यार्थी १४ जना रहेको
- गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा १२ सम्म २१२ छात्रा र १८१ छात्र गरी जम्मा ३ सय ९३ जना  दलित बालबालिका अध्ययन गरिरहेका ।
- सबै प्राथमिक विद्यालयमा खानेपानी रहेको ।
- करीब ९० प्रतिशत घरमा धारो रहेको हुँदा नागरिकले स्वच्छ खानेपानी प्रयोग गरेको ।
- गाउँपालिकाले खानेपानीको कार्यलाई प्राथमिकतामा राखी नीति तथा बजेट व्यवस्थापन गरेको ।
- गाउँपालिका खुल्ला दिशामुक्त भएको हुँदा नागरिकहरुमा सरसफाईको अवस्था रहेको ।
- करीब ९५ प्रतिशत घरमा शौचालय रहेको साथै धोबी बजार र खिम्ती बजारमा १/१ सार्वजनिक शौचालय निर्माण गरी प्रयोग भइरहेको ।
- ग्याँस तथा विजुलीको प्रयोग गरी खाना पकाउने परिवार संख्यामा बृद्धि भएको ।
- गाउँपालिकाको १५ जनालाई दुग्घ परिकारको तालिम दिइएको तथा २२ जना कृषकलाई टनेल वितरण गरेको त्यस्तै १३ जनालाई बेमौसमी तरकारी खेती तालिम र टनेल प्रदान गरेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ६५ जनालाई रोजगारी उपलब्ध गराईएको ।
- लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत तालिम र रोजगारीको सिर्जना गरेको ।
- उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा समुह गठन र सहभागीतात्मक कार्यक्रम संचालन गरि व्यवसाय गर्न उत्प्रेणा प्रदान गरेको ।
- गाउँपालिकाको बजार क्षेत्रमा डस्बीन राखेको ।
- नियमति रुपमा गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत जनचेतना, बृक्षरोपण र सचेतनाका कार्यक्रमहरु संचालन गरेको ।
- नागरिकहरु धोबीमा बुधवार मात्र बजार लाग्ने भएपनि अत्यावश्यक सामग्री किन्न स्थानीयस्तरका बजार केन्द्रमा जाने गरेको ।
- वडा कार्यालयबाट नै कृषि र पशु सेवा सम्बन्धी सेवा दिएको ।
- सबै वडाहरुमा पशु प्राविधिक व्यवस्थापन गरी कृषकहरुलाई सेवा दिएको ।
- खोप तथा रोग नियन्त्रण, पशु आहार, पशु स्वास्थ्य शिविर, तालिम तथा पशु पालन व्यवसायलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु संचालन गरेको ।
- किसान सुचीकरण र कृषि तथा पशु पन्छी फर्म दर्ताका कामहरु गरिएको ।
- गाउँपालिकामा स्थायी १९ जना र करारको ४३ जना गरी ६२ जना कर्मचारीबाट सेवा प्रवाह भएको ।
- गाउँपालिकाबाट बार्षिक नीति तथा कार्यक्रम बनाई सोही अनुसार संचालन गरिएको ।
- गाउँपालिकाको अन्य स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको ।

## ५. सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था (आ.व २०८०/०८१) | प्रयास | उपलब्धि (आ.व २०८१/०८२) |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | गाउँपालिकाको वडा नं १, २, ३ र ७ का केही नागरिकहरु एक घण्टाभित्र पैदल वा यातायात पहुँचमा पनि स्वास्थ्य संस्था पुगी सेवा लिन सक्ने अवस्था देखिदैंन । स्वास्थ्य सेवा सहजताको लागि ती बिकट स्थानहरुमा गाउँघर क्लीनिक मार्फत सेवा प्रदान गरेको देखिन्छ । | अत्यावश्यक सेवाहरु स्वास्थ्य संस्थाबाट प्रवाह । | गाउँपालिकाको वडा नं १, २, ३ र ७ का केही नागरिकहरु एक घण्टाभित्र पैदल वा यातायात पहुँचमा पनि स्वास्थ्य संस्था पुगी सेवा लिन सक्ने अवस्था देखिदैंन । वडा नं २ को सैपुफेदीमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी संचालन गरिएको देखिन्छ । नियमित गाउँघर क्लीनिक मार्फत २ सय ९८ जनालाई सेवा दिएको देखिन्छ । |
| ५ वर्षमुनिका बालबालिकाको प्रतिशत | पाँच बर्षमुनिका १ हजार ४६ जना बालबालिकाले स्वास्थ्य सेवा लिएको देखिन्छ । | हरेक बालबालिकालाई स्वास्थ्य सेवा उपलब्धता । | पाँच बर्षमुनिका ९ सय ६९ जना बालबालिकाले स्वास्थ्य सेवा लिएको देखिन्छ । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | २ सय १९ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको देखिन्छ । जुन ९२ प्रतिशत हुन जान्छ । | स्वास्थ्य संस्था तथा खोप केन्द्रमा नियमित खोप कार्यक्रम संचालन । | १ सय ६५ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको देखिन्छ । जुन ७४ प्रतिशत हुन्छ । २०८२ असारमा गाउँपालिका पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा घोषणा भएको देखिन्छ । |
| ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ३ सय २४ जना गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवती जाँच गराएको देखिन्छ । | गर्भवति जाँचलाई प्रोत्साहन । | १ सय १० जना गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवती जाँच गराएको देखिन्छ । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | गाउँपालिकामा रहेका ४ वटा बर्थिङ सेन्टर मार्फत स्वास्थ्य संस्थामा आएका ५२ गर्भवती महिलाले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको देखिन्छ । उक्त अवस्थामा गाउँपालिकाले नि : | स्वास्थ्य संस्थामा नै डेलिभरीको नीति । | गाउँपालिकामा रहेका ४ वटा बर्थिङ सेन्टर मार्फत स्वास्थ्य संस्थामा आएका ३० गर्भवती महिलाले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको देखिन्छ । तर ११ जना गर्भवती महिलालाई दक्ष |

| | | | |
|---|---|---|---|
| | शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको देखिन्छ । साथै प्रोटकल अनुसार गर्भवती जाँच गराएको अवस्थामा नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च २ हजार र गर्भवती जाँच बापतको ८ सय उपलब्ध गराएको देखिन्छ । साथै गाउँपालिकाभरीका १ सय ८० जना सुत्केरी महिलालाई उपाध्यक्षसँग सुत्केरी कोशेली घरभेट कार्यक्रम संचालन गरेको देखिन्छ । | | स्वास्थ्यकर्मी घरमा नै गएर सुरक्षित प्रसुती गराएको देखिन्छ । प्रोटकल अनुसार गर्भवती जाँच गराएको अवस्थामा नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च २ हजार र गर्भवती जाँच बापतको ८ सय उपलब्ध गराएको देखिन्छ । साथै गाउँपालिकाभरीका सुत्केरी महिलालाई उपाध्यक्षसँग सुत्केरी कोशेली घरभेट कार्यक्रम संचालन गरेको देखिन्छ । |
| झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या | शून्य | सचेतनाका कार्यक्रमहरु संचालन । | शून्य |
| सबहेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको संख्या | गाउँपालिकामा रहेका १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, ३ वटा समुदायिक स्वास्थ्य केन्द्र गरी ९ वटा स्वास्थ्य संस्थाबाट २२ हजार ८ सय ३४ जनाले स्वास्थ्य सम्बन्धी विभिन्न सेवा लिएको देखिन्छ । परिवार नियोजन, पाठेघरको मुखको क्यान्सरको जाँच लगायतका कार्यहरु गरिएपनि एकिकृत स्वास्थ्य शिविरको संचालन गरिएको देखिँदैन । | ९ वटा स्वास्थ्य संस्थाबाट नियमित रुपमा अभियान, स्वास्थ्य शिविर र कार्यालयबाट नियमित सेवा प्रवाह । | गाउँपालिकामा रहेका १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी, ३ वटा समुदायिक स्वास्थ्य केन्द्र गरी ९ वटा स्वास्थ्य संस्थाबाट २१ हजार ४ सय ५६ जनाले स्वास्थ्य सम्बन्धी विभिन्न सेवा लिएको देखिन्छ । परिवार नियोजन, पाठेघरको मुखको क्यान्सरको जाँच, अध्यक्षसँग घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम, बिद्यार्थी स्वास्थ्य परीक्षण लगायतका कार्यक्रमहरु गरिएको भएपनि एकिकृत स्वास्थ्य शिविरको संचालन गरिएको देखिँदैन । साथै महिला स्वास्थ्य स्वयंसेविकाले ७ हजार ७ सय ६० जनालाई सेवा दिएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| एच्आइभी र एड्स | - | परीक्षण ,परामर्श तथा प्रचार प्रसार स्वास्थ्य संस्थाबाट गरिने | नरहेको । |
| **शिक्षा** | | | |
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | गाउँपालिकासँग आधिकारीक विवरण नभएपनि बाल विकास केन्द्रहरु स्थापना गरी बालबालिकालाई प्राथमिक विद्यालयसम्म पुग्ने व्यवस्था गरिएको देखिन्छ । | सबै बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याउने प्रयत्न । | गाउँपालिकासँग आधिकारीक विवरण नभएपनि बाल विकास केन्द्रहरु स्थापना गरी बालबालिकालाई प्राथमिक विद्यालयसम्म पुग्ने व्यवस्था गरिएको देखिन्छ । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | भर्ना हुने उमेर समूहको ९६.५ प्रतिशत पूर्व प्राथमिक शिक्षामा भर्ना भएको देखिन्छ । बिद्यार्थी भर्नाको समयमा विद्यालयसँग समन्वय गरी भर्ना अभियान, घरदैलो कार्यक्रम, सचेतनामुलक कार्यक्रम गर्दा विद्यार्थी भर्नामा मद्धत पुगेको देखिन्छ । यसरी हेर्दा खुद भर्ना दरमा भने बृद्धि भएको देखिन्छ । | विद्यालयद्वारा शैक्षिक सत्रको सुरुवात् एवं भर्नाको समयमा घरदैलो कार्यक्रम संचालन । | भर्ना हुने उमेर समूहको ९७ प्रतिशतभन्दा बढि बालबालिका पूर्व प्राथमिक शिक्षामा भर्ना भएको देखिन्छ । विद्यार्थी भर्नाको समयमा विद्यालयसँग समन्वय गरी भर्ना अभियान, घरदैलो कार्यक्रम, सचेतनामुलक कार्यक्रम गर्दा विद्यार्थी भर्नामा मद्धत पुगेको देखिन्छ । यसरी हेर्दा खुद भर्ना दरमा भने बृद्धि भएको पाइन्छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | गाउँपालिकासँग आधिकारीक विवरण नभएपनि विद्यालयहरुले भर्नाको समयमा अभियान नै संचालन गरी समावेश गर्ने प्रयत्न गरेको देखिन्छ। अनिवार्य तथा नि:शुल्क शिक्षा लागु हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नरहेको देखिन्छ । ईसीडी कक्षा संचालन गरेबाट पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नभएको देखिन्छ । | स्थानीय तह, गैर/सरकारी संघ संस्था र विद्यालयद्वारा भर्ना अभियान लगायतका कार्यक्रम संचालन हुने गरेको । | गाउँपालिकाले आधिकारिक रुपमा तथ्याङ्क तथा विवरण सङ्कलन गरेको नभए तापनि विद्यालयहरुले भर्नाको समयमा अभियान नै संचालन गरी समावेश गर्ने प्रयत्न गरेको देखिन्छ । अनिवार्य तथा नि:शुल्क शिक्षा लागू हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नरहेको देखिन्छ । ईसीडी कक्षा संचालन गरेबाट पनि सो उमेर समूहका बालबालिकाहरुको विद्यालयमा पहुँच विस्तार भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| कक्षा १ मा खुद भर्नादर छात्र र छात्रा | गाउँपालिकामा माध्यमिक विद्यालय १० वटा, आधारभूत विद्यालय ३१ तथा बाल विकास केन्द्र ३ वटा गरी जम्मा ४४ वटा विद्यालयमा छात्र १२५ र छात्रा १५३ गरी २७८ जना कक्षा १ मा खुद भर्ना भएको देखिन्छ। | भर्ना अभियान तथा अभिभावक शिक्षा संचालन गरिएको। | गाउँपालिकामा माध्यमिक विद्यालय १० वटा, आधारभूत विद्यालय २९ तथा बाल विकास केन्द्र ३ वटा गरी जम्मा ४२ वटा सामुदायिक विद्यालयमा छात्र १३२ र छात्रा १३६ गरी २६८ जना कक्षा १ मा खुद भर्ना भएको देखिन्छ। |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोर्‍याउने र कक्षा उत्तीर्ण हुने दर | प्राथमिक तहमा कक्षा छोड्ने र दोहोर्‍याउने विद्यार्थीको विवरण नभएपनि नगन्य मात्रामा रहेको देखिन्छ। गाउँपालिकाको कक्षा उत्तीर्ण हुने दर ९८ प्रतिशत भन्दा माथि भएको देखिन्छ। | शिक्षामा उदारनीति तथा अभिभावक शिक्षा प्रभावकारी भएको। | प्राथमिक तहमा कक्षा छोड्ने र दोहोर्‍याउने विद्यार्थीको विवरण नभएपनि नगन्य मात्रामा रहेको देखिन्छ। गाउँपालिकाको कक्षा उत्तीर्ण हुने दर ९८ प्रतिशत भन्दा माथि नै देखिन्छ। |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | सामुदायिक विद्यालयको आधारभूत तहमा ७९ जना शिक्षकले टीपीडी तालिम प्राप्त गरेको देखिन्छ। जसको कारण पेशागत दक्षता अभिबृद्धि भई शिक्षण सिकाई प्रभावकारी भएको देखिन्छ। | विभिन्न किसिमका तालिम तथा पूनर्ताजगी तालिम संचालन। | आ.व.२०८०/०८१ का तुलनामा यस आर्थिक वर्षमा आधारभूत तहमा तालिम प्राप्त शिक्षकको संख्या क्रमिक रुपमा वृद्धि भई ८७ पुगेको देखिन्छ। जसको कारण पेशागत दक्षता अभिबृद्धि भई विद्यार्थीको सिकाइ उपलब्धिमा समेत सुधार भएको देखिन्छ। |
| प्रति कक्षाकोठा विद्यार्थी संख्या | गाउँपालिकाभर ४,२८८ विद्यार्थी तथा २७४ कक्षाकोठा रहेकोमा प्रति कक्षाकोठा विद्यार्थी १५ जना रहेको देखिन्छ। | भवन तथा कक्षाकोठा पर्याप्त रहेको। | गाउँपालिकाभर ३,७७१ विद्यार्थी तथा २७४ कक्षाकोठा रहेकोमा प्रति कक्षाकोठा विद्यार्थी १४ जना रहेको देखिन्छ। |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | नभएको। | - | नभएको। |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | नभएको | - | नभएको |
| दलित बालबालिकाको शिक्षामा पहुँच | गाउँपालिकामा रहेको एक क्याम्पस बाहेक ४४ वटा आधारभूत र माध्यमिक तह संचालित सामुदायिक | कक्षाकोठा बालमैत्री रहेको र तालिम प्राप्त इसीडी शिक्षकको | गाउँपालिकामा रहेको एक क्याम्पस बाहेक ४२ वटा आधारभूत र माध्यमिक तह संचालित सामुदायिक |

| | | | |
|---|---|---|---|
| | विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा १२ सम्म जम्मा ४ सय ४८ जना दलित बालबालिका अध्ययन गरि रहेको देखिन्छ । गाउँपालिकाले दलित बालबालिकाको लागि छात्रबृत्ति प्रदान गर्नुको साथै गैर सरकारी संस्थाहरुको सहयोगमा आवश्यक शैक्षिक सामग्रीहरु वितरण गरिएको देखिन्छ । | व्यवस्थापन कार्यलाई निरन्तरता दिएको । | विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा १२ सम्म २१२ छात्रा र १८१ छात्र गरी जम्मा ३ सय ९३ जना दलित बालबालिका अध्ययन गरिरहेको देखिन्छ । गाउँपालिकाले दलित बालबालिकाको लागि छात्रवृत्ति प्रदान गर्नुको साथै गैर सरकारी संस्थाहरुको सहयोगमा आवश्यक शैक्षिक सामग्रीहरु वितरण गरिएको देखिन्छ । |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | गाउँपालिकासँग आधिकारीक तथ्याङ्क नभएपनि करीब ८५ प्रतिशत घरमा धारो रहेको हुँदा नागरिकले स्वच्छ खानेपानी प्रयोग गरेको देखिन्छ । | गाउँपालिकाले स्वच्छ खानेपानीको कार्यलाई प्राथमिकता । | गाउँपालिकासँग आधिकारीक तथ्याङ्क नभएपनि करीब ९० प्रतिशत घरमा धारो रहेको हुँदा नागरिकले स्वच्छ खानेपानी प्रयोग गरेको देखिन्छ । |
| **खानेपानी तथा सरसफाई** | | | |
| खानेपानी तथा सरसफाई | गाउँपालिकासँगको आधिकारीक तथ्याङ्क नभएपनि गाउँपालिकाले खानेपानीको कार्यलाई प्राथमिकतामा राखी नीति तथा बजेट व्यवस्थापन गरेको देखिन्छ । गाउँपालिकाको योजना अन्तर्गत खानेपानीका आयोजनाहरु निर्माण तथा व्यवस्थापन भएको देखिन्छ । गाउँपालिका खुल्ला दिशामुक्त भएको हुँदा नागरिकहरुमा सरसफाईको अवस्था रहेको देखिन्छ । | गाउँपालिकाले स्वच्छ खानेपानी र सरसफाईको कार्यलाई प्राथमिकतामा राखेको । | गाउँपालिकासँगको आधिकारीक तथ्याङ्क नभएपनि गाउँपालिकाले खानेपानीको कार्यलाई प्राथमिकतामा राखी नीति तथा बजेट व्यवस्थापन गरेको देखिन्छ । गाउँपालिकाको योजना अन्तर्गत खानेपानीका आयोजनाहरु निर्माण तथा व्यवस्थापन भएको देखिन्छ । गाउँपालिका खुल्ला दिशामुक्त भएको हुँदा नागरिकहरुमा सरसफाईको अवस्था रहेको देखिन्छ । |
| शौचालय भएको संख्या वा प्रतिशत | गाउँपालिकासँगको आधिकारीक तथ्याङ्क नभएपनि करीब ९५ प्रतिशत घरमा शौचालय रहेको हुँदा शौचालय प्रयोग गरेको देखिन्छ । धोबी बजार र खिम्ती बजारमा १/१ सार्वजनिक शौचालय निर्माण गरी प्रयोग भइरहेको देखिन्छ । | अनिवार्य शौचालयको लागि प्रेरित । | गाउँपालिकासँगको आधिकारीक तथ्याङ्क नभएपनि करीब ९५ प्रतिशत घरमा शौचालय रहेको हुँदा शौचालय प्रयोग गरेको देखिन्छ । धोबी बजार र खिम्ती बजारमा १/१ सार्वजनिक शौचालय निर्माण गरी प्रयोग भइरहेको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | सबै प्राथमिक विद्यालयमा खानेपानी रहेको अवस्थाछ । घरबाट पानी बोकेर विद्यालयमा ल्याउनु पर्ने अवस्थाको अन्त्य भई शिक्षण सिकाईमा केन्द्रीत हुन मद्धत पुगेको देखिन्छ । | वडा कार्यालय र गाउँपालिकाको संयुक्त रुपमा सहयोग तथा सहकार्य भइरहेको । | सबै प्राथमिक विद्यालयमा खानेपानी रहेको अवस्थाछ । घरबाट पानी बोकेर विद्यालयमा ल्याउनु पर्ने अवस्थाको अन्त्य भई शिक्षण सिकाइमा केन्द्रीत हुन मद्धत पुगेको देखिन्छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | गाउँपालिकामा सुधारिएको चुलो रहेको अवस्था छैन । तर ग्यास तथा विजुलीको प्रयोग गरी खाना पकाउने परिवार संख्यामा बृद्धि भएको देखिन्छ । सबै वडामा बिजुली रहेको, धोबी बजार, तिल्पुङ्ग तथा खिम्ती मन्दिरमा सोलारको समेत प्रवन्ध गरिएको देखिन्छ । | बिद्युतीय उर्जा प्रयोगमा उत्प्रेरित । | गाउँपालिकामा सुधारिएको चुलो रहेको अवस्था छैन । तर ग्यास तथा विजुलीको प्रयोग गरी खाना पकाउने परिवार संख्यामा बृद्धि भएको देखिन्छ । सबै वडामा बिजुली रहेको, धोबी बजार, तिल्पुङ्ग तथा खिम्ती मन्दिरमा सोलारको समेत प्रवन्ध गरिएको देखिन्छ । |
| **बालबालिका, महिला र समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | गाउँपालिकामा तथ्याङ्क नभएपनि बाल बिवाह पहिलाको तुलनामा कम हुँदै गएको देखिन्छ । गाउँपालिकामा रहेका विभिन्न विद्यालयहरुमा बालविवाह न्युनीकरण सम्बन्धी सचेतनाका कार्यक्रम संचालन गर्नुको साथै सचेतनाको लागि पर्चा, पम्प्लेट बनाई समुदायमा सचेतना फैलाएको देखिन्छ । | विद्यालय तथा समुदायमा बाल विवाह विरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन । | गाउँपालिकामा तथ्याङ्क नभएपनि बाल बिवाह पहिलाको तुलनामा कम हुँदै गएको देखिन्छ । गाउँपालिकामा रहेका विभिन्न विद्यालयहरुमा बालविवाह न्युनीकरण सम्बन्धी सचेतनाका कार्यक्रम संचालन गर्नुको साथै सचेतनाको लागि पर्चा, पम्प्लेट बनाई समुदायमा सचेतना फैलाएको देखिन्छ । |
| सामाजिक विकृति, बिसङ्गती | गाउँपालिकामा सामाजिक विकृति, बिसङ्गतीका उजुरीहरु नआएको भएपनि गरीबी, अशिक्षाका कारण कतैकतै हुने गरेको देखिन्छ । वडा-वडा तथा समुदायमा सचेतीकरणको लागि लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । | गाउँपालिकाले सामाजिक विकृति, बिसङ्गतीको सचेतनाका कार्यक्रमहरु संचालन । | गाउँपालिकामा सामाजिक विकृति, बिसङ्गतीका उजुरीहरु नआएको भएपनि गरीबी, अशिक्षाका कारण कतैकतै हुने गरेको देखिन्छ । वडा-वडा तथा समुदायमा सचेतीकरणको लागि लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । |
| सामाजिक सुरक्षा भत्ता प्राप्तीको अवस्था | गाउँपालिकाको ३ हजार २ सय ३८ जनाले सामाजिक सुरक्षा भत्ता लिएको देखिन्छ । ७ वटै | बैंकिङ्ग प्रणालीबाट वितरण । | गाउँपालिकाको ३ हजार २ सय ६९ जनाले सामाजिक सुरक्षा भत्ता लिएको देखिन्छ । ७ वटै |

| | | | |
|---|---|---|---|
| | वडाहरुको लाभग्राहीले नेपाल इन्भेष्टमेन्ट मेगा, लक्ष्मी सनराइज र नेपाल बैंक गरी ३ वटा बैंकको बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ । | | वडाहरुको लाभग्राहीले नेपाल इन्भेष्टमेन्ट मेगा, लक्ष्मी सनराइज र नेपाल बैंक गरी ३ वटा बैंकको बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ । जसमा जेष्ठ नागरिक (अन्य) २१६६ जना, जेष्ठ नागरिक दलित १३१ जना, एकल महिला १८५ जना, विधवा ३५८ जना, अपाङ्गता २७७ जना र दलित बालबालिका पोषण भत्ता १५२ जनाले प्राप्त गरेको देखिन्छ । |
| **जनचेतना तथा गरीबी निवारण** | | | |
| बालश्रमको अवस्था | गाउँपालिकाको तथ्याङ्कमा बालश्रम देखिँदैन । गाउँपालिकाबाट नियमित अनुगमन गर्ने गरिएको छैन । न्यायीक समितिमा समेत कुनै उजुरी परेको छैन । मन्थली, चरिकोट, खुर्कोट तथा काठमाण्डौं लगायतका स्थानमा यहाँका बालबालिका जाने र बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ । लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा समुदायमा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । हिमाली नविन समाजसँगको सहकार्यमा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । | बालश्रम बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरेको । | गाउँपालिकाको तथ्याङ्कमा बालश्रम देखिँदैन । गाउँपालिकाबाट नियमित अनुगमन गर्ने गरिएको छैन । न्यायीक समितिमा समेत कुनै उजुरी परेको छैन । मन्थली, चरिकोट, खुर्कोट तथा काठमाण्डौं लगायतका स्थानमा यहाँका बालबालिका जाने र बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ । लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा समुदायमा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । |
| बालक्लबहरुको अवस्था | गाउँपालिका स्तरीय बालक्लब संजाल, ७ वटै वडास्तरमा वडास्तरीय बालक्लब संजाल रहेको देखिन्छ । ४२ वटा माध्यमिक र आधारभुत विद्यालयमा बालक्लब/संजाल | - | गाउँपालिका स्तरीय बालक्लब संजाल, ७ वटै वडास्तरमा वडास्तरीय बालक्लब संजाल रहेको देखिन्छ । ४२ वटा माध्यमिक र आधारभुत विद्यालयमा बालक्लब गठन गरी |

| | | | |
|---|---|---|---|
| | गठन गरी कार्य गरिरहेको देखिन्छ । समुदायमा बालक्लब गठन भएको देखिदैन । बालक्लब तथा संजाल मार्फत अतिरिक्त क्रियाकलाप, बाल दिवस तथा नियमित बैठक संचालन भएको देखिन्छ । बालक्लबको क्षमता विकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालनको लागि गाउँपालिकाको बार्षिक कार्यक्रममा समावेश गरि संचालन गर्नुपर्ने देखिँदैन । | | कार्य गरिरहेको देखिन्छ । समुदायमा बालक्लब गठन भएको देखिदैन । बालक्लब तथा संजाल मार्फत अतिरिक्त क्रियाकलाप, बाल दिवस तथा नियमित बैठक संचालन भएको देखिन्छ । |
| महिला हिँसा | गाउँपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी आएको देखिदैन । न्यायिक समितिमा समेत महिला हिँसा सम्बन्धी कुनै हिँसा भएको उजुरी प्राप्त भएको देखिँदैन । लैँङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा महिला हिँसा बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । साथै महिला हिँसाका उजुरी पहिला वडा कार्यालयमा जाने भएको हुँदा वडाबाट नै मिलाउने गरिएको देखिन्छ । | गाउँपालिकाबाट महिला हिंसा बिरुद्धका कार्यक्रम संचालन । | गाउँपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी आएको देखिदैन । न्यायिक समितिमा समेत महिला हिँसा सम्बन्धी कुनै हिँसा भएको उजुरी प्राप्त भएको देखिँदैन । लैँङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा महिला हिँसा बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । साथै महिला हिँसाका उजुरी पहिला वडा कार्यालयमा जाने भएको हुँदा वडाबाट नै मिलाउने गरिएको देखिन्छ । |
| रोजगारीको अवस्था | गाउँपालिकामा ३७० जना बेरोजगार व्यक्तिहरु सुचीकृत भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ७७ जना व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराईएको देखिन्छ । विकास निर्माणको क्रममा स्थानीयस्तरमा रोजगारी सिर्जनाको लागि श्रममा आधारित कार्यक्रमलाई प्राथमिकता दिँदै स्थानीय | प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गरिएको । | गाउँपालिकामा ३ सय ६७ जना बेरोजगार व्यक्तिहरु सुचीकृत भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ६५ जना (पुरुष ३२ र महिला ३३ जना) लाई रोजगारी उपलब्ध गराईएको देखिन्छ । विकास निर्माणको क्रममा स्थानीयस्तरमा रोजगारी सिर्जनाको लागि श्रममा आधारित कार्यक्रमलाई प्राथमिकता दिँदै स्थानीय |

| | | | |
|---|---|---|---|
| | नागरिकहरुलाई विभिन्न विकास निर्माणका सहभागीता गराई रोजगारी प्रदान गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रममा आधारित कार्य, सडक सरसफाई, घाट जाने बाटो, गोरेटो बाटो निर्माण तथा मर्मत लगायतका कार्यहरुमा गराइएको देखिन्छ । साथै लघु उद्यम विकास कार्यक्रम (मेड्पा) बाट हाते ट्याक्टर मर्मत तालिम लिएका १ जना प्रशिक्षक भएको देखिन्छ । गाउँपालिकाको बजेटबाट थप ४ जनालाई रोजगारी दिइएको देखिन्छ । | | नागरिकहरुलाई विभिन्न विकास निर्माणका सहभागीता गराई रोजगारी प्रदान गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रममा आधारित कार्य, सडक, गोरेटो बाटो निर्माण तथा मर्मत, सिढी निर्माण र मर्मत लगायतका कार्यहरुमा गराइएको देखिन्छ । साथै लघु उद्यम विकास कार्यक्रम (मेड्पा) बाट बेमौसमी तरकारी खेती, दुग्घ परिकार बनाउने तालिम दिई टनेल दिई रोजगारीको लागि प्रोत्साहन गरेको देखिन्छ । |
| स्वरोजगारका प्रयासहरु | गाउँपालिकाको वडा नं ४ मा २ वटा समूहहरुको ३८ जनालाई उद्यमशीलता तालिम प्रदान गरेको देखिन्छ । यस अन्तर्गत १३ जनालाई हाते ट्याक्टर मर्मत तालिम र २५ जनालाई बेमौसमी तरकारी खेती तालिम प्रदान गरिएको देखिन्छ । वडा नं ३ र ७ का १४ जनालाई सिलाई कटाईको एड्भान्स तालिम तथा १८ जनालाई बाटेको धुप बनाउने सीप विकास तालिम दिएको देखिन्छ । साथै विभिन्न संघसंस्था मार्फत क्षमता विकास, नेतृत्व विकास, सीप विकास तालिम संचालन गरी स्वरोजगारलाई प्रबर्द्धन गरिएको देखिन्छ । कार्यक्षेत्र बृद्धि गर्दै जीबन उपयोगी एड्भान्स तालिम संचालन गर्नुपर्ने देखिन्छ | उद्यम विकास तथा सीप विकास तालिम संचालन । | गाउँपालिकाको वडा नं ४ मा १५ जनालाई दुग्घ परिकारको तालिम दिइएको तथा पुराना २२ जना कृषकलाई टनेल वितरण गरेको देखिन्छ । त्यसैगरि वडा नं ५ का १३ जनालाई बेमौसमी तरकारी खेती तालिम र टनेल प्रदान गरिएको देखिन्छ । वडा नं ५ का ४ जनाले ब्यवसायीक तरकारी खेती गरेको तथा १ जनाले होटलमा दुध संकलन गरी ब्यवसाय संचालन गरेको देखिन्छ । साथै विभिन्न संघसंस्था मार्फत क्षमता विकास, नेतृत्व विकास, सीप विकास तालिम संचालन गरी स्वरोजगारलाई प्रबर्द्धन गरिएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| गरीबी निबारणका प्रयासहरु | प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम ( मेड्पा) मार्फत तालिम र रोजगारीको सिर्जना गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत व्यक्तिहरु मध्ये पिछडीएका तथा एकल महिलालाई प्राथमिकतामा राखी रोजगारी दिएको देखिन्छ भने लघु उद्यम विकास कार्यक्रम मार्फत महिलालाई प्राथमिकतामा राखी उद्यम र सीप विकासको लागि कार्य गरेको देखिन्छ । | गरीबी निवारणका लागि सीप तथा लघु उद्यम विकास कार्यक्रम संचालन । | प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम ( मेड्पा) मार्फत तालिम र रोजगारीको सिर्जना गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत व्यक्तिहरु मध्ये पिछडीएका तथा एकल महिलालाई प्राथमिकतामा राखी रोजगारी दिएको देखिन्छ भने लघु उद्यम विकास कार्यक्रम मार्फत महिलालाई प्राथमिकतामा राखी उद्यम र सीप विकासको लागि कार्य गरेको देखिन्छ । |
| सामाजिक परिचालन | उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा समुह गठन र सहभागीतात्मक ग्रामीण लेखाजेखा कार्यक्रम संचालन गरि व्यवसायिक गर्न उत्प्रेणा प्रदान गरिएको देखिन्छ । गाउँपालिकामा विभिन्न सहकारीहरु मार्फत सेवा प्रवाह गरिएको देखिन्छ । सहकारीमा बचत, ऋृण लगानी, क्षमता विकासका तालिमहरु संचालन गरिएको देखिन्छ । कृषि समूह, सहकारी समूह, आमा समूह, यूवा समूह तथा बाल समूह गठन भएको देखिन्छ । गाउँपालिकाको उपभोक्ता समिति तथा खानेपानी उपभोक्ता समितिका मुख्य पाँच पदमध्ये १ जना महिला तथा समितिमा ३३ प्रतिशत महिलालाई अनिवार्य गरिएकोछ | उद्यम तथा महिला समुह परिचालन । | उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा समुह गठन र सहभागीतात्मक ग्रामीण लेखाजेखा कार्यक्रम संचालन गरि व्यवसायिक गर्न उत्प्रेणा प्रदान गरिएको देखिन्छ । गाउँपालिकामा विभिन्न सहकारीहरु मार्फत सेवा प्रवाह गरिएको देखिन्छ । सहकारीमा बचत, ऋृण लगानी, क्षमता विकासका तालिमहरु संचालन गरिएको देखिन्छ । कृषि समूह, सहकारी समूह, आमा समूह, यूवा समूह तथा बाल समूह गठन भएको देखिन्छ । गाउँपालिकाको उपभोक्ता समिति तथा खानेपानी उपभोक्ता समितिका मुख्य पाँच पदमध्ये १ जना महिला तथा समितिमा ३३ प्रतिशत महिलालाई अनिवार्य गरिएकोछ । |
| बातावरण सुधारका प्रयासहरु | गाउँपालिकाको बजार क्षेत्रमा डस्बीन राखिएको देखिन्छ । लैण्डफिड साइटको व्यवस्थापन | गाउँपालिकालाई स्वच्छ र सफा राख्ने प्रयत्न । | गाउँपालिकाको बजार क्षेत्रमा डस्बीन राखिएको देखिन्छ । लैण्डफिड साइटको व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | नभए पनि गाउँलाई सरसफाई तथा फोहोर संकलनको कार्य व्यवस्थित गर्ने प्रयत्न गरेको देखिन्छ । नियमति रुपमा गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत जनचेतना, बृक्षरोपण र सचेतनाका कार्यक्रमहरु संचालन गरेको देखिन्छ । सामुदायिक वनलाई अभिमुखीकरण गर्नुको साथै डडेलो नियन्त्रणको लागि समेत सचेतनाका कार्य गरिएको देखिन्छ । सडकमा नाला निर्माण गर्दै विपत् प्रतिकार्य योजना निर्माण गर्नुपर्ने देखिन्छ | | नभए पनि गाउँलाई सरसफाई तथा फोहोर संकलनको कार्य व्यवस्थित गर्ने प्रयत्न गरेको देखिन्छ । नियमति रुपमा गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत जनचेतना, बृक्षरोपण र सचेतनाका कार्यक्रमहरु संचालन गरेको देखिन्छ । सामुदायिक वनलाई अभिमुखीकरण गर्नुको साथै डडेलो नियन्त्रणको लागि समेत सचेतनाका कार्य गरिएको देखिन्छ । सडकमा नाला निर्माण गर्दै विपत् प्रतिकार्य योजना निर्माण गर्नुपर्ने देखिन्छ |
| **विकासमा समान सहभागीता तथा सेवाहरुमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | भौगोलिक रुपमा विकटता रहेको कारण स्थानीय बजार केन्द्रमा पुग्न अफ्टेरो रहेको देखिन्छ । नियमित बजार लाग्ने स्थान धोबीमा बुधवार मात्र बजार लाग्ने भएपनि अत्यावश्यक सामग्री किन्न स्थानीयस्तरका बजार केन्द्रमा जाने गरेको देखिन्छ । | स्थानीय उत्पादनलाई प्रोत्साहनको लागि गाउँपालिकाले कार्य गरिरहेको । | भौगोलिक रुपमा विकटता रहेको कारण स्थानीय बजार केन्द्रमा पुग्न अफ्टेरो रहेको देखिन्छ । नियमित बजार लाग्ने स्थान धोबीमा बुधवार मात्र बजार लाग्ने भएपनि अत्यावश्यक सामग्री किन्न स्थानीयस्तरका बजार केन्द्रमा जाने गरेको देखिन्छ । |
| कृषि सेवाकेन्द्र पुग्न लाग्ने समय | वडा कार्यालयबाट नै कृषि र पशु सेवा सम्बन्धी सेवा दिइएको भएपनि वडा नं १ र २ का नागरिकहरुलाई सेवा लिन एकघण्टा भन्दा बढी लाग्ने गरेको देखिन्छ । वडा नं १, २, ३ र ४ मा २ जना प्रविधिकले हेर्ने गरेपनि अन्य सबै वडाहरुमा कृषि प्राविधिक रही सेवा प्रवाह गरेको देखिन्छ । कृषकलाई आवश्यकता परेको अवस्थामा प्राविधिकहरु गाउँ/गाउँमा नै गई सेवा दिने | कृषिलाई प्रोत्साहन गरिएको । | वडा कार्यालयबाट नै कृषि र पशु सेवा सम्बन्धी सेवा दिइएको भएपनि वडा नं १ र २ का नागरिकहरुलाई सेवा लिन एकघण्टा भन्दा बढी लाग्ने गरेको देखिन्छ । वडा नं १, २, ३ र ४ मा २ जना प्रविधिकले हेर्ने गरेपनि अन्य सबै वडाहरुमा कृषि प्राविधिक रही सेवा प्रवाह गरेको देखिन्छ । कृषकलाई आवश्यकता परेको अवस्थामा प्राविधिकहरु गाउँ/गाउँमा नै गई सेवा दिने गरेको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | गरेको देखिन्छ । **त्यस्तै,** सबै वडाहरुमा पशु प्राविधिक ब्यवस्थापन गरी कृषकहरुलाई सेवा दिइएको देखिन्छ । सैपु र दुरागाउँमा २/२ र बिजुलीकोटमा १ गरी ५ वटा पशु गाउँघर क्लीनिक संचालन गरिएको देखिन्छ । नियमित पशु उपचार सेवा, कृतिम पशु गर्भाधारण सेवा (वडा नं ६ र ७), खोप तथा रोग नियन्त्रण, पशु आहार, पशु स्वास्थ्य शिविर, तालिम तथा पशु पालन ब्यवसायलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु संचालन गरेको देखिन्छ । किसान सुचीकरण र कृषि तथा पशु पन्छी फर्म दर्ताका कामहरु समेत भएको देखिन्छ । | | **त्यस्तै,** सबै वडाहरुमा पशु प्राविधिक ब्यवस्थापन गरी कृषकहरुलाई सेवा दिइएको देखिन्छ । सैपु र दुरागाउँमा २/२ र बिजुलीकोटमा १ गरी ५ वटा पशु गाउँघर क्लीनिक संचालन गरिएको देखिन्छ । नियमित पशु उपचार सेवा, कृतिम पशु गर्भाधारण सेवा (वडा नं ६ र ७), खोप तथा रोग नियन्त्रण, पशु आहार, पशु स्वास्थ्य शिविर, तालिम तथा पशु पालन ब्यवसायलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु संचालन गरेको देखिन्छ । किसान सुचीकरण र कृषि तथा पशु पन्छी फर्म दर्ताका कामहरु समेत भएको देखिन्छ । |
| भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको संख्या, नीजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | ▪ प्रधानमन्त्री रोजगार कार्यक्रमले रोजगारी सिर्जनामा सीमान्तकृत वर्ग तथा एकल महिलालाई प्राथमिकता दिइएको ।<br>▪ उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकासमा महिलालाई प्रोत्साहन गर्ने गरिएको ।<br>▪ गाउँपालिकाले दलित सचेतना, महिला सशक्तिकरण, राष्ट्रपति महिला कार्यक्रमहरु संचालन गरेको ।<br>▪ गाउँपालिकाले संचालन गर्ने विभिन्न क्षमता विकास, सीप विकास, रोजगारमूलक तथा नेतृत्व विकासका कार्यक्रमहरुमा भौगोलिक रुपमा विकट क्षेत्र, महिला, | प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिएको । | ▪ प्रधानमन्त्री रोजगार कार्यक्रमले रोजगारी सिर्जनामा सीमान्तकृत वर्ग तथा एकल महिलालाई प्राथमिकता दिइएको ।<br>▪ उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकासमा महिलालाई प्रोत्साहन गर्ने गरिएको ।<br>▪ गाउँपालिकाले दलित सचेतना, महिला सशक्तिकरण, राष्ट्रपति महिला कार्यक्रमहरु संचालन गरेको ।<br>▪ गाउँपालिकाले संचालन गर्ने विभिन्न क्षमता विकास, सीप विकास, रोजगारमूलक तथा नेतृत्व विकासका कार्यक्रमहरुमा भौगोलिक रुपमा विकट क्षेत्र, महिला, |

| | | | |
|---|---|---|---|
| | पिछडिएका तथा सीमान्तकृत बर्गलाई प्राथमिकता दिने प्रयत्न गर्ने गरेको । | | पिछडिएका तथा सीमान्तकृत बर्गलाई प्राथमिकता दिने प्रयत्न गर्ने गरेको । |
| **विविध** | | | |
| जनशक्ति | गाउँपालिकामा स्थायी १७ जना र करारको ४३ जना गरी ६० जना कर्मचारीहरु रहेको देखिन्छ । दरबन्दी अनुसारको कर्मचारी नहुँदा गाउँपालिका तथा वडाको नियमित काममा समस्या भएको देखिन्छ । प्राविधिक कर्मचारीलाई समेत प्रशासनीक काममा लगाइएको देखिन्छ । | - | गाउँपालिकामा स्थायी १९ जना र करारको ४३ जना गरी ६२ जना कर्मचारीहरु रहेको देखिन्छ । ३३ जना स्थायी दरबन्दी भएपनि सो अनुसारको कर्मचारी नहुँदा गाउँपालिका तथा वडाको नियमित काममा समस्या भएको देखिन्छ । प्राविधिक कर्मचारीलाई समेत प्रशासनीक काममा लगाइएको देखिन्छ । |
| नीति तथा कार्यक्रम | गाउँपालिकाबाट कार्यक्रम बनाई सोही अनुसार संचालन गरिएको देखिन्छ । योजना निर्माणको क्रममा लिइएको नीतिको आधारमा कार्यान्वयन गरेको देखिन्छ । आवधिक योजना निर्माण गरी सोही अनुसार बार्षिक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । | बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिएको । | गाउँपालिकाबाट बार्षिक नीति तथा कार्यक्रम बनाई सोही अनुसार संचालन गरिएको देखिन्छ । योजना निर्माणको क्रममा लिइएको नीतिको आधारमा कार्यान्वयन गरेको देखिन्छ । आवधिक योजना निर्माण गरी सोही अनुसार बार्षिक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । |
| भौतिक व्यवस्था | गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नरहेकाले भाडाको घरबाट गाउँपालिकाको नियमित कामहरु संचालन गरिएको देखिन्छ । वडा नं ३ बाहेक अन्य ६ वटा वडा कार्यालयको आफ्नै भबन रहेको देखिन्छ । | आवश्यक भौतिक संरचनाहरु निर्माणको लागि कार्य गरिएको । | गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नरहेकाले भाडाको घरबाट गाउँपालिकाको नियमित कामहरु संचालन गरिएको देखिन्छ । वडा नं ३ बाहेक अन्य ६ वटा वडा कार्यालयको आफ्नै भबन रहेको देखिन्छ । |
| समन्वय तथा सहकार्यका प्रयासहरु | गाउँपालिकाको स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको देखिन्छ । | प्रभावकारी समन्वय र सहकार्यको नीति लिएको । | गाउँपालिकाको स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | योजना तर्जुमा तथा कार्यान्वयनमा नागरिकको सहभागीता सुनिश्चितता गरिएको देखिन्छ । गाउँपालिकाबाट सामाजिक परिचालन, सामुदायिक सचेतीकरण कार्यक्रम संचालन गर्नुको साथै समुदायसँग सहकार्यमा कार्य संचालन गरिएको देखिन्छ । टोल विकास संस्थाको कार्यविधि समेत भएको हुँदा यसको प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ | - | योजना तर्जुमा तथा कार्यान्वयनमा नागरिकको सहभागीता सुनिश्चितता गरिएको देखिन्छ । गाउँपालिकाबाट सामाजिक परिचालन, सामुदायिक सचेतीकरण कार्यक्रम संचालन गर्नुको साथै समुदायसँग सहकार्यमा कार्य संचालन गरिएको देखिन्छ । टोल विकास संस्थाको कार्यविधि समेत भएको हुँदा यसको प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ |

## ६. गत वर्षमा भोगेका समस्याहरु (बुंदागत रूपमा लेख्ने) :

- गाउँपालिकामा अत्यन्तै भौगोलिक विकटता रहेको ।
- गाउँपालिकको प्रशासकीय भवन नहुँदा सेवा प्रवाहमा समस्या रहेको ।
- पर्याप्त जनशक्ति नहुँदा सेवा प्रवाहमा समस्या ।
- गाउँपालिकामा लेण्डलाइन टेलिफोन नभएको तथा मोवाइलको नेटवर्कमा समेत समस्या आउने गरेको ।
- गाउँपालिकाले पर्यटकीय क्षेत्रको प्रभावकारी विकास गर्न नसकेको ।
- कृषि र पशु सम्बन्धी काम गर्ने जनशक्तिहरु गाउँमा नै कम रहेको ।
- उत्पादनयोग्य जग्गा प्लटिङमा समस्या रहेको ।
- सुख्खा तथा भौगोलिक रुपमा अफ्टेरो भएको कारण सिंचाईको व्यवस्थापनमा समस्या रहेको ।
- समुहगत उत्पादन तथा व्यवसाय प्रबर्द्धनमा समस्या ।
- स्थानीय उत्पादन र बजारीकरणमा समस्या ।
- शैक्षिक गुणस्तर सुधारको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापनमा कठिनाई ।
- प्रभावकारी शैक्षिक कार्यक्रम संचालनको लागि पर्याप्त आर्थिक स्रोत नहुँदा समस्या भएको ।
- शैक्षिक कार्यक्रम कार्यान्वनको सन्दर्भमा सरोकारवालासँग समन्वय र सहकार्यमा जटिलता रहेको ।
- स्वास्थ्य संस्थाहरुमा पर्याप्त भवन तथा आवश्यकताको आधारमा कोठाहरु नभएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत धेरै तर रोजगार कम ब्यक्तिलाई दिइएको ।
- उद्यम विकासका कार्यक्रममा गाउँपालिकाको लगानी कम भएको ।
- स्थानीय तहबाट स्वास्थ्य तथा लक्षित समुदायको लागि पर्याप्त बजेट बिनियोजन नभएको ।
- गाउँपालिकाको १० शैयाको अस्पतालमा करार जनशक्तिको लागि बजेट व्यवस्था नभएको ।
- विद्यालयमा विद्यार्थीको उपस्थिति नियमितता नरहेको ।
- आधारभूत तह (कक्षा ६-८) र कक्षा ९ र १० मा विषयगत शिक्षकको अभाव रहेको ।
- विद्यालयमा खेलमैदान पर्याप्त नहुँदा अतिरिक्त क्रियाकलापहरु संचालनमा कठिनाई रहेको ।
- अपाङ्गता पहिचानको लागि घरदैलोबाट सेवा प्रवाहमा जनशक्ति र उपकरणको पर्प्याप्तता नरहेको ।

- समुदायमा कमजोर आर्थिक अवस्थाका कारण जनश्रमदान तथा साझेदारीका कार्यक्रम संचालनमा कठिनाई रहेको ।
- स्थानीयस्तरमा बजारीकरणमा समस्या रहेको ।
- कृषि कार्यको लागि कृषकहरु नै बिस्थापित भएको ।
- उपभोक्ता समितिबाट हुने काममा जनसहभागीता सुनिश्चितता गराउन समस्या रहेको ।
- योजनाको दीगोपनामा उपभोक्ताहरु नै उदाशीनता रहेको ।
- सार्वजनिक परीक्षणलाई आयोजना स्थलमा कार्यविधिको मर्म अनुसार संचालन गर्न नसकिएको ।

### ७. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुंदागत रूपमा लेख्ने) :

- गाउँपालिकाको आवधिक योजना निर्माण गरी सोही अनुसार बजेट तथा कार्यक्रम संचालन गर्नुपर्ने ।
- गाउँपालिकाको लागि आवश्यक जनशक्तिको ब्यवस्थापन गरी सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउनुपर्ने ।
- गाउँपालिकामा बनेका ऐन तथा कार्यविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- संघ र प्रदेशसँग थप बजेटको लागि समन्वय गर्नुपर्ने ।
- उत्पादनमा आधारित कृषिजन्य उत्पादलाई प्रोत्साहन तथा अनुदानको कार्यक्रममा जोड दिनुपर्ने ।
- पशु र कृषि बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै सबै कृषकको दायरामा पुर्‍याउनु पर्ने ।
- विषयगत शिक्षकको ब्यवस्थापनको लागि संघीय शिक्षा ऐन जारी गरी स्थानीय सरकारलाई पर्याप्त बजेटको ब्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले शैक्षिक गुणस्तर कायम गर्नको लागि शिक्षकलाई प्रोत्साहनका कार्यक्रमहरु ल्याउनु पर्ने ।
- भौगोलिक विकटता तथा विद्यार्थी संख्यालाई मध्यनजर गर्दै आवासीय विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- गाउँपालिकाले एकिकृत शैक्षिक गुरु योजना बनाई सोही अनुसारको कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक भवन निर्माणको लागि प्रदेश र संघीय सरकारसँग समन्वय गर्नुपर्ने
- स्वास्थ्य संस्थामा आवश्यकता अनुसार जनशक्ति ब्यवस्थापन गर्नुपर्ने ।
- प्रत्येक गर्भवति महिलाले प्रसुती सेवा स्थानीय स्वास्थ्य संस्थाबाट नै लिन प्रोत्साहनका कार्यक्रम तर्जुमा गर्नुपर्ने ।
- लघु उद्यम विकास कार्यक्रमको कार्यक्षेत्र र बजेट बृद्धि गर्नुपर्ने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको न्युनतम रोजगार कार्यक्रममा गाउँपालिकाले लागत सहभागीता बढाउनु पर्ने ।
- बालमैत्री गाउँपालिका घोषणाको लागि कार्यक्रम बनाई संचालन गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाको भौतिक गुणस्तर र पर्याप्त जनशक्तिको ब्यवस्था गर्दै सबै वडाहरुबाट बर्थिङ सेवा विस्तार गर्नुपर्ने ।
- गाउँपालिकाको सामुदायिक विद्यालयमा गाउँपालिकाको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपर्ने ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न बजारको ब्यवस्थापन गर्नुपर्ने ।
- स्थानीय बाली (रैथाने) बालीको संरक्षण तथा प्रबर्द्धनका कार्यक्रम बनाई लागू गर्नुपर्ने ।
- ५० प्रतिशत अनुदानका कार्यक्रम बास्तविक रुपमा कृषकसम्म पुर्‍याउनुपर्ने ।

- पशु नश्ल सुधारको लागि गाउँपालिकाले योजना नै बनाई कार्य गर्नुपर्ने ।
- उद्यम तथा रोजगारीको कार्यक्रमलाई जीविकोपार्जन सँग जोड्ने गरी कार्य गर्नुपर्ने ।
- स्वास्थ्य बिमा, कृषि बिमा तथा पशु बिमाको कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गर्दै गाउँपालिकाभर लागु गर्नुपर्ने ।

## ८. गाउँपालिका सम्बन्धी विविध जानकारी

### क. समग्र खर्चको अवस्था (आ.व. २०८१/०८२)

| क.सं | विवरण | बार्षिक बजेट रु | खर्च रकम रु | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ४२,२०,९५,६५०/- | ३४,०३,३४,८४२.९३ | ८०.६३ |
| २ | पुंजीगत | २४,३०,१०,०००/- | १४,६९,६८,१०१.९२ | ६०.४८ |
| **कुल (समग्र)** | | **६६,५१,०५,६५०/-** | **४८,७३,०२,९४५/-** | **७३.२६** |

### ख. आ.व. २०८१/०८२ मा विषय क्षेत्रगत/उपक्षेत्रगत बार्षिक बजेट बिनियोजन र खर्च रकम (पुंजीगत तर्फ)

| क.सं | विषय क्षेत्रगत/उपक्षेत्र | बिनियोजित बजेट रु | खर्च रु | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ४,८०,५२,०००/- | ३,४६,०१,१७८/- | ७२.०१ |
| २ | सामाजिक विकास क्षेत्र | ३२,८५,७८,५००/- | २८,२५,३५,०५४/- | ८५.९९ |
| ३ | पूर्बाधार विकास क्षेत्र | १६,३३,१७,०००/- | ८,५६,५३,८२०/- | ५२.४५ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र | २,६४,५८,०००/- | १,६१,०२,९२७/- | ६०.८६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनीक | ९,८७,००,१५०/- | ६,८४,०९,९६५/- | ६९.३१ |
| **कुल (समग्र)** | | **६६,५१,०५,६५०/-** | **४८,७३,०२,९४५/-** | **७३.२६** |

### ग. योजना सम्बन्धी विवरण

| क.सं | विवरण | संख्या |
|---|---|---|
| १ | वडागत उपभोक्ता समितिसँग संझौता भई कार्यान्वयन भएका योजना/ कार्यक्रम संख्या | **१५४** |

### घ. गाउँपालिकाबाट २०८२ असार मसान्तसम्म जारी भएका ऐन, नियम तथा स्थानीय कानुन सम्बन्धी विवरण

| क.सं | विवरण | संख्या (२०८०/०८१) | संख्या (२०८१/०८२) | कैफियत |
|---|---|---|---|---|
| १ | ऐन | १० | ० | |
| २ | नियमावली | ३ | ० | |
| ३ | कार्यविधि | ४८ | ८ | |
| ४ | निर्देशिका | ६ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | दिग्दर्शन | १ | ० | |
| ६ | नीति | १ | ० | |
| ७ | मापदण्ड | ० | ० | |
| ८ | आचार संहिता | ० | ३ | |
| **जम्मा** | | **६९** | **११** | |

## ङ. व्यक्तिगत घटना दर्ताको अवस्था (आ.व. २०८१/०८२)

| क.सं | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | २८७ | २९७ | **५८४** |
| २ | मृत्यु | १३० | ११३ | **२४३** |
| ३ | विवाह | २५८ | | **२५८** |
| ४.१ | बसाईसराई आएका | १३ | | **१३** |
| ४.२ | बसाईसराई गएका | ३७ | | **३७** |
| ५ | सम्बन्ध बिच्छेद | ३६ | | **३६** |
| | | | **कूल जम्मा** | **११७१** |

## च. आर्थिक बर्ष २०८१/०८२ मा गाउँपालिकाबाट सामाजिक जवाफदेहिता प्रबर्द्धनमा भएका प्रमुख कार्यहरु

| क.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | १ | |
| २ | सार्वजनिक परीक्षण | - | सबै योजनाहरुको भएको । |
| ३ | सामाजिक परीक्षण | १ | |
| ४ | चौमासिक प्रगती समीक्षा | ० | नभएको । |
| ५ | बार्षिक प्रगती समीक्षा | ० | आ.व २०८१/०८२ मा बार्षिक प्रगती समिक्षा संचालन गरेको । |
| ६ | योजना अनुगमन | - | वडा अध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले अनुगमन गरेपछि उपप्रमुखको संयोजकत्वमा रहेको समितिले गाउँपालिकाको सबै योजनाहरुको अनुगमन गर्ने गरेको । |
| ७ | गाउँसभा | २ | हिउँदे र बजेट अधिवेशन |
| ८ | गाउँकार्यपालिका बैठक | ११ | मासिक रुपमा बस्ने गरेको । |
| ९ | विषयगत समिति बैठक | ५ | आवश्यकताको आधारमा बस्ने गरेको । |
| १० | कर्मचारी बैठक | ५ | हरेक २/२ महिनामा प्रमुख प्रशासकीय अधिकृतदेखि कार्यालय सहयोगी समेतको उपस्थितिमा । |
| ११ | शाखा प्रमुख बैठक | ४ | आवश्यकताको आधारमा बस्ने गरेको । |

**छ. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, बित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको अवस्था**

| क्र.सं | विषयगत क्षेत्र | आ.ब. २०७९/०८० को नतिजा | आ.ब. २०८०/०८१ को नतिजा | आ.ब. २०८१/०८२ को नतिजा |
|---|---|---|---|---|
| १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) | ४८.५० | ७२.५० | एकिकृत कार्यविधि बनेको |
| २ | स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) | ५१.५० | ६६ | एकिकृत कार्यविधि बनेका |
| ३ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) | | | नतिजा प्राप्त नभएको |

## अनुसूची-२

लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व २०८१/८२ मा बिनियोजन गरिएको योजनाले

## सामाजिक रुपमा पारेको प्रभाव विश्लेषण

### १. साउनेपानी बालविकास केन्द्र भवन निर्माण तथा ब्यवस्थापन योजना लिखु तामाकोशी-१

लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको ९ लाख ५० हजार तथा स्थानीय नागरिकको श्रमदान समेतबाट साउनेपानी बालविकास केन्द्र भवन निर्माण तथा ब्यवस्थापन योजनाको काम भएको देखिन्छ । नयाँ बस्ती, ढुङ्गाडे, माङ्लासुर, साउनेपानीका साना बालबालिकालाई उक्त बालविकास केन्द्र भवन निर्माण तथा व्यवस्थापन पश्चात् सहजता भएको देखिन्छ । समुदायको आवश्यकता र मागमा आधारित समुदायको सक्रियतामा सुरु भएको योजनाको निर्माण अन्तर्गतका घेराबारा, पछाडिको पर्खाल व्यवस्थापन, घेराबारा, शैक्षिक सामग्री ब्यवस्थापन लगायत थप कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गरी संचालन गराउनु पर्ने देखिन्छ । एउटा खानेपानीको धारो निर्माण, एउटा शैचालय निर्माण, १२/४८ फिटको भवन निर्माण पश्चात् विद्यार्थीहरुमा लाग्ने मौसमी रोगहरु कम भएको, सरसफाईमा सहजता भएको तथा कक्षा व्यवस्थापनमा सहजता भएको देखिन्छ ।



### २. चोक्टेखोला सानाभिर मुहान हुँदै सेता पहरा सिंचाई योजना लिखु तामाकोशी-२

स्थानीय श्री टंक प्रसाद पौडेलको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत ६ लाख र ६६ हजार ३५२ रुपैँया श्रमदान समेतको लागतमा चोक्टेखोला सानाभिर मुहान हुँदै सेता पहरा सिंचाई योजना संचालन भएको देखिन्छ । योजना संचालन पश्चात् ६५ हेक्टर जग्गामा सिंचाई पुगेको देखिन्छ । योजना संचालनको क्रममा ४५ मिटर कुलो आरसीसी निर्माण तथा ९० मिटर पाइप जडान गरी सिँचाई योजना निर्माण भएको देखिन्छ । सिंचाई सहजता पश्चात् कृषकहरुको धान, मकै, गहुँ, तोरी, तरकारी जस्ता बालीनालीमा बृद्धि भई उपभोग गर्दै बिक्रि वितरण समेत गरिएको र सोबाट आयआर्जनमा समेत मद्धत पुगेको देखिन्छ । करीब २ सय घरघुरीलाई प्रत्यक्ष रुपमा फाइदा पुगेको चोक्टेखोला सानाभिर मुहान हुँदै सेता पहरा सिंचाई योजना निर्माणको बजेट कम भएको, वर्षाको कारण मुहान बगाएको, निर्माणको केही काम बाँकी रहेको तथा उपभोक्ताको सक्रियता नरहेको देखिन्छ । योजनाको दीगोपनाको लागि वातावरणीय पक्षलाई ध्यान दिँदै पर्याप्त बजेट ब्यवस्थापन गरी दीगो प्रकृतिको निर्माणमा ध्यान दिनु पर्ने देखिन्छ । पर्याप्त पाइप तथा बजेट ब्यवस्थापन गर्न सके थप खेतीयोग्य जमिन समेत सिंचित हुने देखिन्छ ।



## ३. आइतबारेस्थान ट्रष्ट योजना लिखु तामाकोशी-३

लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको ६ लाख तथा स्थानीय नागरिकको श्रमदान समेतबाट आइतबारेस्थान ट्रष्ट योजनाको काम भएको देखिन्छ । स्थानीय सिङ्गे तामाङको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत निर्माण गरिएको आइतबारेस्थान ट्रष्ट योजना संचालन पश्चात् चिलाउने, चित्रे, काँङ्वा, चम्पु, खोल्मागाउँ, गोठगाउँ लागयत छिमेकी जिल्लाका मानिसहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुगेको देखिन्छ । हरेक आइतबार पूजाआजा गरिने आइतबारथानमा जमिन सम्याई फलामको पाइप र जस्ताबाट ट्रष्ट निर्माण गरिएको देखिन्छ । उक्त कार्य पश्चात् सामुदायिक कार्य तथा थानमा पूजा गर्न आउनेलाई आराम गर्न, पकाउन, खानको लागि सहजता भएको देखिन्छ । करीब १ सय ५० घरघुरीलाई प्रत्यक्ष रुपमा फाइदा पुगेको बजेट पर्याप्न नहुनु र उपभोक्ताको सक्रियता नरहेको कारण निर्माण कार्यमा केही समस्या भएको देखिन्छ । घेरावारा र थप स्तरोन्नती गरी खानेपानी र शौचालयलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ ।



## ४. कोटगाउँ-कल्लेरी-पोकुबेसी सडक स्तरोन्नत्ती योजना लिखु तामाकोशी-४

लिखु तामाकोशी गाउँपालिकाबाट ५ लाख र श्रमदान ७० हजार समेतबाट कोटगाउँ-कल्लेरी-पोकुबेसी सडक स्तरोन्नत्ती योजना भएको देखिन्छ । धोबीहुँदै सिरिसे जाने बाटोबाट हाइड्रोको बाटोमा जोडिएको उक्त सडक स्तरोन्नतीको क्रममा जेसीबीको प्रयोग गर्दै सडक ४ मिटर चौडा र २७ मिटर लम्बाई बनाई जाली लगाइएको देखिन्छ । सडक स्तरोन्नती योजनाबाट साना सबारी साधान संचालनमा केही सहजता भएको देखिन्छ । सडक मर्मत पश्चात् सामान ल्याउन-लैजान सहज हुनुका साथै कृषि उपज, खाद्यन्न ओसार-पसार गर्न, गाउँघरको सरसामान बजार लैजान र बजारबाट ल्याउन, लास लैजान समेत सहज भएको देखिन्छ । त्यस्तै नागरिकको समयको बचत हुनुको साथै स्थानीय उत्पादन बजारसम्म लैजान, विद्यालयमा बालबालिका जानआउन, स्वास्थ्योपचारमा समेत सहज हुने देखिन्छ । योजना पश्चात् ९० घरधुरीभन्दा बढीलाई प्रत्यक्ष फाइदा पुगेको देखिन्छ । स्थानीय श्री राजु थापा मगरको अध्यक्षतामा गठित उपभोक्ता समितिबाट निर्माण भएको उक्त सडक स्तरोन्नत्तीसँग सडकको केही स्थानमा जमिन बगेको कारण मेसिनरीवाल लगाउनु पर्ने, रेलिङ र खोल्सामा ढलान गर्ने कार्य गर्नुपर्ने देखिन्छ । सडक निर्माणको क्रममा नाला निर्माण गर्दै बातावरणीय पक्ष, पर्याप्त बजेट तथा दीगो विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।



## ५. लामाटोल घिसिङटोल खानेपानी विस्तार तथा वितरण योजना लिखु तामाकोशी-५

लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको ३ लाख र जनश्रमदान करिब ७६ हजार समेतबाट लामाटोल घिसिङटोल खानेपानी विस्तार तथा वितरण योजनाको काम भएको देखिन्छ । योजना अन्तर्गत ४/४ फिटको ढलान धारो २८ वटा निर्माण गर्नुको साथै ३ हजार मिटरमा १६ एमएमको पाइप प्रयोग गरिएको देखिन्छ । लामाटोल, घिसिङटोलका २७ घरधुरीका मानिसहरुलाई प्रत्यक्ष फाइदा पुगेको (१ घरधुरी बाहेक) योजनाको क्रममा धारा निर्माण र पाइप विस्तारको कार्य भएको देखिन्छ । खानेपानी संचालनपछि स्थानीय नागरिकहरु विषेशगरि महिलाहरुलाई समयको बचत भएको, सागसब्जी उत्पादन भएको, समयमा छोराछोरीलाई विद्यालय पठाउन सहज हुने देखिन्छ । स्थानीय श्री फुलमाया तामाङको अध्यक्षतामा संचालन गरिएको योजनामा बजेट पर्याप्त नहुँदा, निर्माण सामाग्रीहरु बाहिरबाट ल्याउनु पर्दा, दुई गाउँलाई टी को व्यवस्था गर्न नसक्दा केही समस्या भएको देखिन्छ । उक्त खानेपानी योजनाको लागि दीगो हुनेगरि पर्याप्त बजेटको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।



## ६. खहरेखोला-टारबेसी सिंचाई योजना लिखु तामाकोशी-६

स्थानीय श्री झपड बहादुर थापाको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत ३ लाख र ४० हजार श्रमदान समेतको लागतमा खहरेखोला-टारबेसी सिंचाई योजना संचालन भएको देखिन्छ । योजना संचालन पश्चात् खहरेटार फाँटको १ सय ६० रोपनी जग्गामा सिंचाई पुगेको देखिन्छ । योजना संचालनको क्रममा पुरानो कुलाको एलभीएल् मिलाएर ६० मिटर कुलो निर्माण, साढे २ मिटर उचाई १७ मिटरमा मेसिनरी वाल निर्माण गरिएको देखिन्छ । सिंचाई सहजता पश्चात् कृषकहरुको धान, मकै, गहुँ, तोरी, तरकारी जस्ता बालीनालीमा बृद्धि भई उपभोग गर्दै बिक्रि वितरण समेत गरिएको र सोबाट आयआर्जनमा समेत मद्धत पुगेको देखिन्छ । करीब २५ घरघुरीलाई प्रत्यक्ष रुपमा फाइदा पुगेको खहरेखोला-टारबेसी सिंचाई योजना निर्माणको बजेट कम भएको, वर्षाको कारण भत्कने अवस्था रहेको, निर्माणको केही काम बाँकी रहेको तथा उपभोक्ताको सक्रियता नरहेको देखिन्छ । योजनाको दीगोपनाको लागि वातावरणीय पक्षलाई ध्यान दिँदै पर्याप्त बजेट व्यवस्थापन गरी दीगो प्रकृतिको निर्माणमा ध्यान दिनु पर्ने देखिन्छ । २२ सय मिटर पाइप तथा थप बजेट व्यवस्थापन गर्न सके हिउँदमा पनि छतिउनी खोलाबाट पानी ल्याई थप खेतीयोग्य जमिन समेत सिंचित हुने देखिन्छ ।



## ७. सुतार कार्की कुलथान निर्माण योजना लिखु तामाकोशी-७

लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको ६ लाख तथा स्थानीय नागरिकको करीब ७५ हजार श्रमदान समेतबाट सुतार कार्की कुलथान निर्माणको काम भएको देखिन्छ । धार्मिक कार्यको जगेर्ना र भाइचारलाई आत्मीएता बनाउन २६ घरधुरी कार्कीको कुलपूजा घर भएको कुलथान निर्माण पश्चात् कुलपूजा गर्न र बुढापाका, बालबालिका आवज् जावत् गर्न तथा भजन कीर्तको लागि अत्यन्तै सहजता भएको देखिन्छ । स्थानीय श्री शंखर बहादुर कार्कीको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत निर्माण गरिएको सुतार कार्की कुलथानमा २७ मिटर लम्बाई र २३ मिटर चौडाईको एकतले भवन निर्माण भएको देखिन्छ । करीब २ सय जनालाई प्रत्यक्ष रुपमा फाइदा पुगेको बजेट पर्याप्न नहुँदा भवनमा प्लाष्टर गर्ने, झ्याल, ढोका निर्माण गर्ने, घेरावारा र थप स्तरोन्नती गरी खानेपानी र शौचालयलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ ।



अनुसूची-३

सामाजिक परीक्षणमा उपस्थितिको विवरण

# सामाजिक परीक्षण विधि र प्रक्रिया सम्बन्धी सरोकारवालासँग

## अभिमुखीकरण तथा छलफल

२८ पौष २०८२

**धोबी बजार, रामेछाप**

**आयोजक :** लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय धोबी बजार, रामेछाप

**सहजीकरण** : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुर

उपस्थिति विवरण

| क.सं | नाम,थर | कार्यालय वा संस्था | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १, | कल्पना प्र० दाहाल | लि.ता.गा.पा.को कार्यालय | प्र०प्र०अ० | ९८६३४४१३८२८ | [illegible] |
| २, | लोक प्रसाद फुयाल | ,, ,, ,, | पशुपन्छी - विकास शाखा | ९८४४२८४१२८ | [illegible] |
| ३. | रामानन्द चौधरी | ,, ,, | प्राविधिक | ९८६०३८६३५० | [illegible] |
| ४. | कुवेर कार्की | ,, ,, | प्राविधिक | ९८६२६८५४०६ | [illegible] |
| ५. | सरस्वती घिमिरे | ,, ,, | प्राविधिक | ९८६४४५०७३९ | Saraswati |
| ६. | सन्ध्या पौडेल | ,, | प्र.प्र सहायक | 9843836744 | [illegible] |
| ७. | अरुण खड्का | ,, | रोजगार संयोजक | 9854040555 | [illegible] |
| ८. | सुमन दवाडी | ,, | कृषि शाखा प्रमुख (प्रा.स) | 9849943180 | [illegible] |
| ९ | जयकृष्ण चौलागाई | लिखु तामाकोशी गा.पा. | स.वि.नि. | ९८६३४६४०१५ | [illegible] |
| १० | सुमित्रा बस्नेत | ,, | फि. ले | ९८६२४२१८८८ | [illegible] |
| ११ | सुमित्रा कार्की | ,, | न्यायिक [illegible] | ९८६०१८२३२६ | [illegible] |
| १२. | कोपिला बोहरा | ,, | का.स.प्रा. | ९८६६३२८८३३ | [illegible] |
| १३. | दिपक श्रेष्ठ | ,, | अमिन | ९८४४२५०१५६ | [illegible] |
| १४ | बिनु नेपाली | ,, | ई.वि.ए | ९८४४२३१८२८ | [illegible] |
| १५. | अनिता श्रेष्ठ | ,, | प्राविधिक सहायक | ९६८४८४०२४० | [illegible] |

| क्र.सं | नाम,थर | कार्यालय वा संस्था | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १६ | महेश पुलामी मगर | लिखुतामाकोशी गा.पा | इन्जिनियर | 9844228282 | [signature] |
| १७ | रुपेश कुमार साह | ,, ,, | सब-इन्जिनियर | 9844436336 | [signature] |
| १८. | उमकु मैनाली | सहजकर्ता - हेल्पीङ ह्यान्डस | | ९८५४०४०४८६ | [signature] |
| १९. | सिजन रक्सका | लि.ता.गा.पा. | प्राविधिक सहायक | 9861186660 | [signature] |
| २० | सन्तोष जि थी | लि.ता.गा.पा. | प्रशासन सहायक | ९८४४९०१४५४ | [signature] |
| २१. | किशोर प्रसाद साह | ,, ,, | स.प्रा.अधि. | 9844232392 | [signature] |
| २२ | शिव कुमार रक्सका | ,, | लेखापाल | 9854040072 | [signature] |
| २३. | कुम बहादुर कुझाथोड | ,, | प्र.अ. | ९८४४३०२२६० | [signature] |
| २४. | पूर्ण बहादुर कार्की | हेल्पीङ ह्यान्डस | — | ९८६०३६२८६३ | [signature] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची-४

## समुदायमा भरिएको फारामको नमूना

**सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-६ अनुसार**
(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)

**योजनाको प्रगती विवरण**
(आ.व २०८१/०८२ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | आयोजना नाम : लामाटोल घिसिङटोल खानेपानी विस्तार तथा विवरण | | | | | | | | | |
| २. | संचालन संचालन भएको ठेगाना :.................गाउँपालिका/नगरपालिका, वडा नं ....५...... | | | | | | | | | |
| ३. | आयोजना सुरु भएको मिति | २०७९/१०/१८ | | | योजना सम्पन्न मिति | | २०७९/१२/१६ | | | |
| ४. | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार (..............) | कृषि | पशु | सचेतना | अन्य | |
| ५. | आयोजनाको बजेट | कूल :..३,०००००..... (६५०००) | | | स्थानीय सरकार ........................... | साझेदारी ............ | अन्य (केही भए) ..................... | | | |
| ६. | योजना संचालनपछि सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु तथा मुख्य उपलब्धिहरु (बुँदागत) | | | | | | | | | |
| | → लामाटोल र घिसिङटोलको मानिसलाई पानीको सहज<br>→ हिउँदको समयमा पानीको मुहान घट्ने<br>→ पानीको सहजता भए कृषि को लागि आवश्यक<br>→ २६ घर धुरी पुगेको र १ घरधुरी बाँकी रहेको<br>/ दुई गाउँमा पानी दुहयाउने T को व्यवस्था हुनुपर्ने | | | | | | | | | |
| ७. | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (बुँदागत) | | | | | | | | | |
| | → दुवानीमा समस्या<br>→ पर्याप्त बजेट<br>/ ५ घरको लागी हालभएको कुली बाट पानी पुराउन नसकेको पानी पुराउन सकिने माध्यम मिलाइनुपर्ने | | | | | | | | | |
| ८. | आयोजनाबाट भएका मुख्य सिकाई (बुँदागत) | | | | | | | | | |
| | → पर्याप्त बजेट<br>→ कामको जिम्मेवारी | | | | | | | | | |
| ९. | आयोजनामा गरिएका मुख्य कामहरु अथवा के-के काम गरिएका थियो ? (बुँदागत) | | | | | | | | | |
| | → ४/४ फिटको ढलान धारो २४ वटा बनाइयो<br>→ ४०००मि. 20 inch 16 mm को पाइप प्रयोग गरिएको<br>पाइप धारा र पाइप बाहेक अरु काम श्रमदान गरिएको | | | | | | | | | |
| १०. | लाभान्वित संख्या | घरधुरी (सरदर) | २० | | जनसंख्या (सरदर) | १८० | | | | |
| ११. | **उपभोक्ता समितिको विवरण** | | | | सम्पर्क नं | | | | | |
| क | अध्यक्ष ................................. | | | | | | | | | |
| ख | सचिव ...निरोज तामाङ....... | | | | ९८६१४६०१६९ | | | | | |

सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-६ अनुसार
(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)

**योजनाको प्रगती विवरण**

(आ.व २०८१/०८२ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | आयोजना नाम : खहरेखोला-तारबेसी सिंचाइ योजना | | | | | | | |
| २. | संचालन संचालन भएको ठेगाना: त्रिवेणी गाउँपालिका/नगरपालिका, वडा नं ...६..... | | | | | | | |
| ३. | आयोजना सुरु भएको मिति | २०८१/११/११ | | योजना सम्पन्न मिति | | २०८१/१२/२० | | |
| ४. | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार (..............) | कृषि | पशु | सचेतना | अन्य |
| ५. | आयोजनाको बजेट | कूल : ५००००० (४०,०००) | | स्थानीय सरकार .......................... | | साझेदारी ........... | अन्य (केही भए) ...................... | |
| ६. | योजना संचालनपछि सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु तथा मुख्य उपलब्धिहरु (बुँदागत) | | | | | | | |
| | → खहरेटार को १६० रोपनी जग्गामा पानी लगाउन सहज<br>→ धान, मकै, गहुँ, तरकारी खेती<br>→ मेसेनरी वाल ४० मिटर आवश्यक, भत्केको अवस्थामा भएको<br>→ ६० मिटर कुलो बनेको<br>६० मिटर कुलो निर्माण बाँकी बजेट अभावले | | | | | | | |
| ७. | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (बुँदागत) | | | | | | | |
| | → ढुवानीको अभाव<br>→ पर्याप्त बजेट | | | | | | | |
| ८. | आयोजनाबाट भएका मुख्य सिकाई (बुँदागत) | | | | | | | |
| | → पर्याप्त बजेट<br>→ जन श्रमदानको आवश्यकता<br>खहरेखोल बाट मुहान भएको खहरेटार जाने | | | | | | | |
| ९. | आयोजनामा गरिएका मुख्य कामहरु अथवा के-के काम गरिएका थियो ? (बुँदागत) | | | | | | | |
| | → पुरानो कुलोको LVL मिलाएर कुलो निर्माण<br>→ ३०, ४० सेन्टीमिटर चौडाई कुलो निर्माण<br>→ २.५ मिटर हाइटको मेसेनरीवाल निर्माण<br>→ १६ मि मेसेनरी वाल<br>१२०० मिटर पाइपको आवश्यक घोतनीखोला बाट हिउँदमा पानि इस्तक गरेर खेतीगर्न सकिने | | | | | | | |
| १०. | लाभान्वित संख्या | घरधुरी (सरदर) | | २३ | | जनसंख्या (सरदर) | १३० | |
| ११. | उपभोक्ता समितिको विवरण | | | सम्पर्क नं | | | | |
| क | अध्यक्ष ...भगिराज बहादुर थापा | | | ९८६६३६५०९८२ | | | | |
| ख | सचिव .................................... | | | | | | | |

## सामाजिक परीक्षणको केही तस्वीर






सामाजिक परीक्षणको विधि र प्रक्रिया सम्बन्धी सरोकारवालासँगको छलफल ।



सामाजिक परीक्षणको विधि र प्रक्रिया सम्बन्धी सरोकारवालासँगको छलफल ।



प्रशासन तथा गाउँपालिकासँगको सम्बन्धीत विषयमा सुचना अधिकारी श्री भुम बहादुर बुढाथोकीसँग सुचना संकलन गर्दै ।



स्वास्थ्य शाखासँग सम्बन्धीत विषयमा स्वास्थ शाखा प्रमुख श्री किशोरी प्रसाद शाहसँग सुचना संकलन गर्दै ।



पशुपंछी शाखासँग सम्बन्धीत विषयमा शाखा प्रमुख श्री लोक प्रसाद फुयाँलसँग सुचना संकलन गर्दै ।

| | |
|---|---|
|  |  |
| कृषि विकास शाखासँग सम्बन्धीत विषयमा शाखा प्रमुखसँग सुचना संकलन गर्दै । | गापामा रोजगारीको अवस्थाको विषयमा रोजगार संयोजक श्री अरुण खड्कासँग सुचना संकलन गर्दै । |
|  |  |
| वडा नं १ मा संचालन गरिएको साउनेपानी बालविकास केन्द्र भवन निर्माण तथा व्यवस्थापन योजनाले सामाजिक रुपमा पारेको प्रभावको विषयमा छलफल गर्दै । | वडा नं २ मा संचालन गरिएका चोक्टेखोला सानाभीर मुहान हुँदै सेता पहरा सिंचाई पहरा योजनाले सामाजिक रुपमा पारेको प्रभावको विषयमा छलफल गर्दै । |
|  |  |
| वडा नं ३ मा संचालन गरिएको आइतबारे स्थान ट्रष्ट निर्माण योजनाले सामाजिक रुपमा पारेको प्रभावको विषयमा छलफल गर्दै | वडा नं ७ मा संचालन गरिएको सुतार कार्की कुलस्थान निर्माण योजनाले सामाजिक रुपमा पारेको प्रभावको विषयमा छलफल गर्दै । |

## अनुसूची-६

### सामाजिक परीक्षणमा संलग्न ब्यक्तिको विवरण

श्री उमङ्ग मैनाली-सामाजिक परीक्षक
श्री तिलक बहादुर कार्की-सामाजिक परीक्षक
श्री पूर्ण बहादुर कार्की-फिल्ड सहजकर्ता

**प्राविधिक सहयोग/परामर्शदाता**

Helping Hands Consultancy & Resource Center Pvt. Ltd.
हेल्पीङ्ग् ह्याण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि
Madhyapur Thimi-3, Bhaktapur

# लिखु तामाकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**धोबी बजार, रामेछाप**

बागमती प्रदेश, नेपाल